# भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम

२०७७

# खवपको पहिचान

आधारभूत तह (कक्षा ८)

प्रस्तुतकर्ता

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :

योगेन्द्रमान बिजुक्छें

सिद्धिरत्न शाक्य

उद्धव सुजखु

रोशनराज तुइतुईं

राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक : भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७७ बैशाख
मुद्रण प्रति :

श्री नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

नगर कार्यपालिकाको भक्तपुर २०७३

पत्र संख्या : २४३
चलानी नं. : २९५

मितिः २०७६/६/१

# नगर प्रमुखको भनाइ

कला र संस्कृतिले सम्पन्न भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्र बनाउने भक्तपुर नगरपालिकाको उद्देश्य हो । यही उद्देश्य पुरा गर्न दुइ दशक अगाडिदेखि भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप माबि, शारदा कलेज लगायत सातवटा शैक्षिक संस्थाहरू स्थापना गरी सञ्चालन गर्दै आएको छ । ती शैक्षिक संस्थाहरुले भक्तपुरलगायत विभिन्न जिल्लाका गरी वार्षिक छ हजारभन्दा बढी विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छन् । स्थानीय तहबाट उच्च शिक्षा प्रदान गर्ने देशको एउटै मात्र नगरपालिका हो भक्तपुर । यो हामी सबै नगरबासीहरुको गर्वको कुरा हो ।

भक्तपुर नगरपालिका नयाँ पुस्तालाई २१ औं शताब्दीको लागि योग्य र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान विद्यार्थीहरु उत्पादन गर्न प्रयत्नशील छ । यसको लागि राष्ट्रिय र अन्तराष्ट्रिय बिषय संगसंगै आधारभूत तहदेखि नै स्थानीय बिषयमा जानकारी दिनु पर्ने आवश्यकता महसुस गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि भक्तपुर नगरपालिकाले बुद्धिजीवी र पाठ्यक्रम विज्ञहरूसँग छलफल गरी स्थानीय पाठ्यक्रम लागू गर्दै आएको छ । भक्तपुरको भूगोल, इतिहास, राजनीति, कला-संस्कृति, भाषा, महत्वपूर्ण व्यक्तित्व लगायतका विषयमा नयाँ पुस्तालाई जानकारी दिने स्थानीय पाठ्यक्रमको उद्देश्य हो । पाठ्क्रम तयार गर्न योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा ५ सदस्यीय कार्यदल बनाइ पाठ्यक्रम निर्माण प्रक्रियालाई अगाडि बढाइयो । स्थानीय पाठ्यक्रम लागू भएको यो तेस्रो वर्ष हो । २०७७ देखि कक्षा ३ र ८ मा पनि स्थानीय पाठ्यक्रम लागू गरिनेछ । यस अघिका वर्षहरूमा कक्षा १, ५, २ र ७ मा चरणबद्ध रुपमा लागू गरी अध्यापन भइरहेको छ ।

पाठ्यक्रम निर्माण सहज विषय होइन । स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरुले विज्ञहरू र सरोकारवालाहरूसँग नियमित छलफल गरी समयमै पाठ्यक्रम तयार गरेर नगरपालिकालाई सहयोग गर्नुभयो । कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँ, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, रोशनराज तुईतुई र राजेन्द्र श्रेष्ठलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

पाठ्यपुस्तक विना विद्यार्थीहरूलाई पढाउनु शिक्षकहरुको लागि कम चुनौतीपूर्ण छैन । भक्तपुर नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूले यसको अभ्यास गर्दै आउनुभएको छ । यो हाम्रो नयाँ अभ्यास हो । विद्यालयहरूका शिक्षकहरूलाई अध्यापन गर्न सहज बनाउन 'ख्वपको पहिचान सन्दर्भ सामाग्री–२०७६' प्रकाशित गरी सबै विद्यालयहरूमा पुऱ्याइसकेका छौं । आशा छ, यसले पठन पाठनमा थप सहयोग पुऱ्याउनेछ ।

पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारालाई सार्थक बनाउन पनि स्थानीय पाठ्यक्रमले मद्दत गर्ने हाम्रो विश्वास छ । भक्तपुर बाहिरका विभिन्न जिल्लाबाट अध्ययन गर्न आएका विद्यार्थीहरूले समेत स्थानीय पाठ्यक्रमले भक्तपुरका विविध पक्षबारे जानकारी पाउनेछन् ।

अन्तमा, पाठ्यक्रम तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण मित्रहरूमा भक्तपुर नगरपालिकाकोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं र निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

२०७६/६/१

सुनिल प्रजापति
प्रमुख

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२७२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाईट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

भक्तपुर नगरपालिकाको पहलमा स्थानीय पाठ्यक्रम तयार गरी नगरभित्रका ९२ ओटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको पनि तीन बर्ष भइसकोछ । पहिलो बर्ष २०७५ सालमा कक्षा १ र ६, दोस्रो बर्ष २०७६ मा कक्षा २ र ७ र तेस्रो बर्ष अथवा यस २०७७ मा कक्षा ३ र ८ गरी जम्मा ६ ओटा कक्षाहरूमा स्थानीय पाठ्यक्रमको पढाई हुँदैछ । अर्को बर्ष २०७८ मा कक्षाहरू ४ र ५ मा थप हुँदै सम्पूर्ण आधारभूत तहका कक्षाहरू १ देखि ८ सम्म लागु भइसक्नेछ ।

यस बर्ष लागु हुने कक्षा ३ र ८ को स्थानीय पाठ्यक्रमको निमार्ण पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारूप - २०७६' कै संरचनाभित्र रहेर तयार गरिएको छ । कक्षा ३ र ८ मा पनि अघिलो कक्षाहरूका ११ ओटै एकाइहरूका बिषयवस्तुहरू समावेश गरिएकोछ । यद्यपि, पुरानो परम्परा, संस्कृति र संस्कारहरूलाई अलौकिक धरातल तथा मिथकीय आधारमा मात्र बुझ्नेभन्दा पनि त्यसमा अन्तरनिहित बैज्ञानिक तथ्यहरूलाई पनि क्रमशः उजागर गर्ने प्रयाश गरिएकोछ । साथै, संस्कृति भन्नाले मठ-मन्दिर, पाटि-पौवा तथा इनार र ढुङ्गेधारा जस्ता मूर्त साँस्कृतिक सम्पदालाईमात्र बुझ्ने नगरियोस् भन्ने उद्देश्यले विश्व परिवेशमै अमूर्त संस्कृतिहरू संरक्षण गर्न अझ चुनौतिपूर्ण रहेको युनेस्कोको समेत चिन्ता र चासो रहेको र हाम्रा अमूर्त साँस्कृतिक सम्पदाहरू समेत यस अपवादमा नरहेकाले मूर्त र अमूर्त सांस्कृति सम्पदाको भेदका बारेमा थप जानकारी दिने उद्देश्यले यस पक्षलाई पनि जोड दिइएकोछ ।

सीमान्तकृत, निमुखा, आदिवासी तथा अल्पसंख्यक जनताहरूको संस्कृति, धर्म, परम्परा, इतिहास, रैथाने ज्ञान, सम्पदा तथा अन्य पहिचानसँग सरोकार राख्ने कुराहरूलाई केन्द्रीय शासकहरूले जहिले पनि ओझेलमा पार्दै त्यसको अस्तित्वनै निमित्यान पार्ने कार्य संसारमा जहाँपनि गर्ने गरिएको छ । यो शन्दर्भमा आधुनिक नेपालका हाम्रा शासकहरू संसारका अरू शासकहरूभन्दा फरक देखिएनन् । त्यसैले संसारभर हिजोको यूरोप केन्द्रित इतिहासलाई नै पुनरलेखन गर्नुपर्ने बहस चलिरहेको छ । यहि आलोकमा सिङ्गो नेपालको इतिहास बुझ्न नेपालमण्डलको इतिहास र यसको केन्द्रमा रहेको स्वनिगः को सभ्यता (बागमती सभ्यता) को उद्भव र विकासका बारेमा नयाँ पिढीलाई जानकारी गराइएन भने यस स्थानीय पाठ्यक्रमको उद्देश्य नै अधुरो हुने सम्भावना रहेकोले स्वनिगः सभ्यताको परिचयलाई पनि समावेश गरिएकोछ । साथै, इतिहासको अति महत्वपूर्ण मध्यकालका विभिन्न कालखण्डहरूमा भक्तपुरको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था र ६२ /६३ को गणतन्त्र सम्मको यात्रामा भक्तपुरले खेलेको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक आन्दोलनहरूको समेत अवस्था र नेपालकै इतिहासमा यसको स्थान समेत ओझेलमा परिरहेको अवस्थालाई मनन गरी बिशेषगरी कक्षा ८ मा यी कुराहरू समावेस गरिएकोछ ।

सिकाइ मूल्याङ्कनको हकमा पचास प्रतिशत सैद्धान्तिक र पचास प्रतिशत प्रयोगात्मकको ब्यबस्था अघिल्लो कक्षाहरूमा जस्तै यस तहमा पनि निरन्तरता दिइएकोछ । तर प्रयोगात्मक मूल्याङ्कनलाई अझ विश्वसनीय बनाउन अध्यापन गराउने शिक्षकको साथै विद्यालयको प्रधानाध्यापक र छिमेकी विद्यालयको शिक्षकलाई समेत केहि जिम्मेवारी दिई मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने नयाँ ढाँचालाई प्रयोग गरिएकोछ ।

विगत दुई बर्षको अनुभवमा बिना पाठ्यपुस्तक स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन साह्रै कठिन भयो भन्ने शिक्षकहरूको गुनासो र अपठ्यारालाई मनन गरी पठन पाठनमा सहजीकरण होस् भन्ने उद्देश्यले यसै बर्ष 'ख्वप पहिचान' नामक स्थानीय पाठ्यक्रम-सन्दर्भ सामाग्री भाग -१ को पनि प्रकाशन गरी नगरपालिकाले विद्यालय र सम्बन्धित शिक्षकहरूमा पु-याइसकेको छ । तर कोभिड-१९ को महाब्याधिले विश्वभर फैलिइको विपदले यसपालिको पठनपाठनलाई नराम्ररी धक्का दिएको छ । भोलिका दिनहरूमा स्थिति सामान्य हुने अवस्थामा स्थानीय पाठ्यक्रमको पठनपाठन लगायत अन्य कुराहरूको पनि सहज हुने विश्वाश भने लिनै पर्नेहुन्छ । पाठ्यक्रम निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने नपाका प्रमुखज्यू, इतिहास, संस्कृति, संस्कारका विज्ञ अध्ययताहरू, प्रेसका साथीहरू तथा भाषा सम्पादन गरी सहयोग गर्नुहुने सबै सहयोगीहरूलाई कार्यदल हार्दिक आभार ब्यक्त गर्दछ । साथै, कक्षा ३ र ८ को यस स्थानीय पाठ्यक्रम पनि केहि त्रुटी वा कमजोरीहरू छन् भने सकारात्मक सुझावले अर्को प्रकाशनमा सच्याउन साथ दिनुहोला भनि बिनम्र आग्रह गर्दछौँ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७७

# विषय सूची


| विषय क्षेत्र | पृष्ठ सङ्ख्या |
|---|---|
| १. काठमाडौँ उपत्यका (स्वनिग)को भौगर्भिक र भौगोलिक अवस्था | ४ |
| २. (क) बाग्मती सभ्यताको इतिहास | ५ |
| (ख) नेपालको आधुनिक राजनैतिक इतिहासमा भक्तपुरको भूमिका | ७ |
| ३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ९ |
| ४) स्थानीय विविध संस्कृति : | १४ |
| क) पञ्चदान पर्व | १४ |
| ख) गुरू पूर्णिमा | १८ |
| ग) भ्व भ्वय् | २१ |
| ५. प्रचलित स्थानीय संस्कारहरूः | २७ |
| क) जन्मदिन (दिवस) | २७ |
| ख) दिगु पूजा (देवाली) | ३० |
| ५) प्रचलित स्थानीय संस्कारहरू १) मूर्त र अर्मूत सांस्कृतिक सम्पदा | ३६ |
| ६) स्थानीय बोलीचाली र लिपि | ४२ |
| ख) स्थानीय भाषामा कुराकानी | ४३ |
| ग) प्रचलित लिपि र रञ्जना लिपि | ४४ |
| ७. स्थानीय कला र सम्पदा | ४७ |
| क) स्थानीय मन्दिरहरू | ४७ |
| ख) स्थानीय पोखरीहरू (पुखु) | ४७ |
| ग) नगरमा रहेका ध्वाकाहरू (द्वारहरू) | ४८ |
| घ) स्थानीय चित्रकला | ४८ |
| ङ) स्थानीय मूर्तिकला | ४९ |
| च) स्थानीय गीत सङ्गीत | ४९ |
| छ) स्थानीय नाचहरू | ५१ |
| ज) ख्याल (प्रहसन) | ५१ |
| ८. स्थानीय व्यवसाय सीप र प्रविधि | ५२ |
| क) पेशा | ५२ |
| ख) खेर गएका सामग्रीबाट उपयोगी सामग्री निर्माण | ५२ |
| ग) कों | ५२ |
| घ) लोप हुन लागेका स्थानीय वेशभूषाहरू | ५३ |
| ङ) परालका सामग्रीहरू | ५३ |
| च) बुनाइ | ५४ |
| च) माटोबाट बन्ने सामग्री | ५४ |
| छ) नेवारी खाद्य परिकार | ५५ |
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | ५६ |
| १०. स्थानीय खेल | ५७ |
| ११. स्थानीय पर्यटन | ५८ |

कक्षा ८

शीर्षकः ख्वपको पहिचान — पूर्णाङ्कः १००

पाठ्यांशको प्रकृतिः सैद्धान्तिक र प्रयोगात्मक — प्रतिहप्ताः ४

कक्षाः ८ — जम्मा पाठघण्टीः १२८

परिचयः

प्रस्तुत स्थानीय पाठ्यक्रम अन्तर्गत आधाभूत तह (कक्षा-१-८) कक्षा-८को लागि तयार गरिएको हो । यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय परम्परा, प्रचलित स्थानीय ज्ञान, सीप र धारणालाई जोगाई राख्न तथा त्यसलाई प्रचलनमा ल्याउने प्रयास गरिएको छ । विद्यार्थीहरूलाई आफ्नो प्राचीन समयदेखि बसोबास गर्दै आएको ख्वप दे (भक्तपुर नगर)को माया, मोह र आफ्नो पहिचानमा गर्व गर्न सक्ने प्रयास गरिएको छ । स्थानीय पाठ्यक्रमको आधारभूत तह पार गरिसकेपछि प्रत्येक विद्यार्थीहरूमा ख्वपको पहिचानको विकास हुने अपेक्षा गरिएको छ । त्यसैले यस स्थानीय पाठ्यक्रमलाई 'ख्वपको पहिचानु नामकरण गरिएको हो ।

यस पाठ्यक्रमको विशेषता भन्नु नै सैद्धान्तिक र प्रयोगात्मक पक्ष सँगसँगै व्यावहारिक पक्षलाई जोड दिइएको छ । यस पाठ्यक्रमको उद्देस्य समावेश गरिएका विषयवस्तुहरू स्थानीय रूपमा प्रचलनमा ल्याउनुको कारण र महत्त्वको बारेमा तथ्य सङ्गत र वैज्ञानिक पक्षको खोजी गराउनु हो । यस पाठ्यक्रममा स्वःनिग 'काठमाण्डौ उपत्यकाको भौगर्भिक र भौगोलिक अवस्था, बाग्मती सभ्यताको इतिहास, नेपालको इतिहासमा भक्तपुरको भूमिका, स्थानीय जातजाति र व्यक्तित्व तथा बोलीचाली र लिपि समेटिएका छन् । साथै स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय विविध संस्कृतिहरू, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि, खेल तथा पर्यटन व्यवसाय विकास गर्न आवश्यक पक्षहरू समाहित गरिएको छ । यस पाठ्यक्रमको अध्यापन गराउँदा अन्तरक्रिया, छलफल विधि, खोजीनिती, परियोजनाकार्य आदि विद्यार्थी केन्द्रित क्रियाकलाप गराउनुपर्दछ । यसको वार्षिक परीक्षा नगरस्तरीय हुनेछ । यस पाठ्यांशको शिक्षण सिकाइपश्चात विद्यार्थीहरू निम्न लिखित क्रियाकलापहरू गर्न सक्षम हुनेछन् ।

कक्षागत उद्देश्यहरू (Grade wise objectives):

१. स्वःनिगको उत्पत्तीबारे भौगर्भिक तथा वैज्ञानिक तथ्य बताउन ।
२. स्वःनिगका प्रमुख नदी, श्रृङ्खलाहरू, मौसम र ऋतुहरूबारे बताउन ।
३. स्वःनिगको मानव सभ्यतालाई बाग्मती सभ्यताको रूपमा प्रस्तुत गर्न ।
४. ऐतिहासिक कालदेखि पूर्व लिच्छवीकालसम्मको स्वःनिगको इतिहासबारे वर्णन गर्न ।
५. नेपालको इतिहासिकमा ख्वप देको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक-शैक्षिक अवस्थाको वर्णन गर्न ।
६. नेपालका शासकहरूले नेपालमण्डलको इतिहासलाई नजरअन्दान गर्दै आएका तथ्य बताउन ।
७. आधुनिक नेपालको इतिहासमा ख्वप देका जनताले विभिन्न पक्षहरूमा खेलेको भूमिकाबारे व्याख्या गर्न ।
८. वडागत जातजातिको जनसाङ्ख्यिक विवरण तयार गर्न ।
९. वडागत जनसाङ्ख्यिक बनावटमा परिवर्तन, त्यसको प्रभाव र नियन्त्रणका उपायहरू बताउन ।
१०. ख्वपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन ।
११. वर्षभरिका महिनाका दिनहरूलाई तिथिको रूपमा प्रस्तुत गर्न ।
१२. होटल लजमा जाँदा स्थानीय भाषामा कुराकानी गर्न ।
१३. प्रचलित र रञ्जना लिपिको प्रयोग गर्न ।
१४. स्थानीय मन्दिर र पोखरीहरूको परिचय दिई तिनको धार्मिक सांस्कृतिक, सामाजिक तथा बैज्ञानिक पक्षकाबारेमा वर्णन गर्न ।
१५. ख्वप नगरमा रहेका ध्वाकाहरूको बारे बताउन ।
१६. स्थानीय रूपमा मनाउने पर्वमा प्रयोग हुने चित्रहरू बनाउन ।
१७. राष्ट्रिय कला सङ्ग्रहालयमा भएका धातुकलाको अवस्था र ऐतिहासिकता बताउन ।

१८. ख्वपमा विभिन्न अवस्थामा गाउने परम्परागत गीत गाउन ।
१९. स्थानीय नाचहरूको परिचय दिन र ख्यालमा अभिनय गर्न ।
२०. स्थानीय पेशामा तेल पेल्ने, चिउरा कुट्ने पेशा बारे परिचय दिन र यस पेशाको फाइदा र आधुनिकता बताउन ।
२१. खेर गएका प्लाष्टिकबाट उपयोगी सामानहरू बनाउन ।
२२. सिँगारको परम्परागत सामग्रीको बनाउन र प्रयोग गर्न ।
२३. हाकुपटासी र नं-सुरूवको परिचय, महत्त्व र निर्माण प्रक्रिया बताउन ।
२४. परालबाट विभिन्न उपयोगी सामग्रीहरू बनाउन ।
२५. कुरूशको सहायताले रूमाल बनाउन ।
२६. माटोबाट घर, कलम राख्ने भाँडो बनाउन र सेरामिक्सका सामान बनाउने तरिका बताउन ।
२७. गुन्द्रुकको अचार र फिङा (साँधेको) अचार बनाउन ।
२८. थ्वं र ह्यों थ्वं निर्माण प्रक्रिया र यसका फाइदाहरू बताउन ।
२९. स्थानीय संस्कार दिगु पुजा (देवाली) बारेमा वर्णन गर्न ।
३०. स्थानीय तरिकाबाट जन्मदिन मनाउने परम्पराको व्यवस्था गर्न ।
३१. मूर्त र अमूर्त सम्पदाबारे व्याख्या गर्न ।
३२. स्थानीय संस्कृतिहरू पञ्चदान पर्व र गुरू पूर्णिमाबारे उल्लेख गर्न ।
३३. स्थानीय संस्कृति इवः भ्वय्को प्रकार, प्रक्रिया, महत्त्व आदिबारे व्याख्या गर्न ।
३४. परम्परागत स्थानीय कीटनाशक औषधीको रूपमा प्रयोग हुने जडीबुटीको नाम बताउन ।
३५. परम्परागत भोजको स्वास्थ्यकर विधिहरू बताउन ।
३६. सुत्केरी स्याहार विधि उल्लेख गर्न ।
३७. स्थानीय खेलहरू खेल्न ।
३८. पर्यटनसँग सम्बन्धित उद्योगहरू, पर्यटकीय शुल्कको प्रयोग तथा सम्पदा संरक्षण र सम्बर्द्धन बारे बताउन ।

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत शिक्षा तह

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क :
प्रतिहप्ता पाठघण्टी : ४
जम्मा पाठघण्टी : १२८

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाब अनुसार स्थानीय विषय वस्तुहरू समावेश गरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरूः ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू(स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२) ख्वपको इतिहासको वर्णन गर्न ।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्व बताउन ।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न ।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| १. काठमाडौँ उपत्यका (स्वनिगः)को भौगर्भिक र भौगोलिक अवस्था | १. स्वनिगःको उत्पत्ति बारेमा भौगर्भिक तथा वैज्ञानिक तथ्य बताउन । | ठूलो भौगर्भिक हलचलले उपत्यकाको दक्षिणी भाग माथि उठ्दा बाहिर बग्ने पानी थुन्न गई उपत्यका विशाल दहमा परिणत हुन गएको र अर्को त्यस्तै हलचलले पुनः पानी बाहिर गएर उपत्यका उर्वर भूमिमा परिणत भएको | • भौगर्भिक हलचल अथवा टेक्टोनिक्सका कारण आजभन्दा लगभग २० लाख वर्ष पहिले हालको काठमाण्डौको दक्षिण तिरको भूभाग (महाभारत लेक) बिस्तारै माथि उठ्दैजाँदा उपत्यकाको निर्माण भएको र त्यतिबेलाको प्राक बाग्मती नदी (Proto-Bagmati River) बिस्तारै थुनिन गई पानी जम्न सुरू भएको तथ्य बताउन .<br>• आजभन्दा झण्डै १० लाख वर्ष पहिले फेरि महाभारत लेक भौगोलिक दृष्टिले 'तिब्र' गतिमा उत्थान भएको र काठमाण्डौंले ठूलो तालको रूप लिएको उल्लेख गर्ने ।<br>• झण्डै ३० हजार वर्ष पहिले तालको पानीले दक्षिणको चोभारतिरको चुनढुङ्गालाई पगाली निकास बनाएको र त्यहीबाट पानी बाहिर बग्न गई क्रमशः आजभन्दा लगभग १०/ ११ हजार वर्ष पहिलेसम्म तालको पानी निस्की काठमाण्डौं उर्बर भूमिमा परिणत भएको तथ्य बताउने . | • उपत्यका दहको रूपमा रहेको नक्सा ।<br>• उपत्यकाको पानी तीन पटक गरेर बाहिर जाँदाको तीन भिन्ना भिन्नै भौगर्भिक नक्सा । | स्वनिगःका उर्वरभूमिमा परिणत कसरी भयो भन्ने बारेमा बैज्ञानिक तथ्य लेख्नुहोस् । | ३ |
| | २. उपत्यकालाई सिञ्चित गर्ने प्रमुख नदीहरू र वरिपरिका पर्वत श्रृङ्खलाहरूको अवस्थिति बताउन । | उपत्यका (स्वनिगः) को उर्वरभूमिलाई सिञ्चित गर्ने प्रमुख नदीहरू र यसलाई चारैतिर घेरिरहेका महाभारत पर्वत श्रृङ्खलाका विभिन्न पहाड र डाँडाहरूको अवस्थिति तथा यी दुई बीचको अन्तरसम्बन्ध बताउन । | • स्वनिगःको प्रमुख नदी बाग्मती र यसमा चारै दिशाबाट मिसिन आउने अन्य नदीहरूको अवस्थितिको बारेमा अवगत गराउने । जस्तै पूर्वबाट बग्ने हनुमन्ते, उ.पू बाट बग्ने मनहरा, उत्तरबाट बग्ने धोबीखोला र विष्णुमती, पश्चिमको बल्खुखोला, दक्षिणमा बग्ने कुडकु (निखु) खोला ।<br>• स्वनिगः वरिपरिका पहाड र डाँडाहरू जस्तै, उत्तरको शिवपुरी, उ.प.को नागार्जुन, पूर्वको नगरकोट, द. पश्चिमको चन्द्रागिरि, द. पू. को फूलचोकी पहाडको सामान्य अवस्थितिको अवगत गराउने ।<br>• स्वनिगःको यस उर्वरभूमिमा बग्ने नदीहरूको मुहान नै ती वरिपरिका पहाड र डाँडाहरू भएको र अझ ती पहाडहरू त्यहाँ उपस्थित नभएका भए यो सम्पूर्ण भूमिनै मरूभूमिमा परिणत हुने र यिनीहरूबीचको अन्योन्याश्रित सम्बन्धका बारेमा बताउने । | स्वनिगः:मा बग्ने प्रमुख नदीहरूसहितको नक्सा तथा यसको वरिपरिका डाँडा र पहाडको नाम र उचाइ अङ्कित भएका नक्साहरू | स्वनिगःमा वरिपरिका डाँडाहरूबाट बग्ने खोला र नदीहरूको नाम र बग्ने दिशाका बारेमा लेख्नुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. स्वनिगःको मौसम र हावापानी तथा विभिन्न ऋतुहरूका बारेमा बताउन । | प्राकृतिक वातानुकूलित (एअरकण्डीसन)को रूपमा चिनिने उपत्यका (स्वनिगः) मा पाइने विविध ऋतुहरूका बारेमा जानकारी र मानव जनजीवन र उनीहरूको संस्कृति र साहित्यमा यसको प्रभाव । | • उपत्यकामा प्रचलित ६ थरि ( वसन्त, गृष्म, वर्षा, शरद, हेमन्त, शिशिर) र चार थरि (Spring, Summer, Autumn and Winter ) ऋतुहरूको वर्गीकरणको बारे छलफल गर्ने ।<br>• ती ऋतुहरूमा मौसमको (गर्मी, जाडो वा शीतल) अवस्थाको बारेमा चर्चा गर्ने ।<br>• ऋतुहरू, मौसम र हावापानी (जलवायु)सँग मात्र सम्बन्ध नराख्ने बरू स्थानीय भाषा, साहित्य, सङ्गीत र नखःचखः (चाडपर्व) र संस्कारहरूसँग पनि यसको अन्योन्याश्रित सम्बन्ध भएको छलफल गर्ने ।<br>• ऋतुहरूअनुसारको जनजीवन विषयमा छलफल गर्ने । | • दुई थरिको ऋतु विभाजन गरिएको चार्ट ।<br>• ऋतु अनुसारको चाडपर्व झल्किने फोटोहरू । | • ऋतु अनुसारको मौसमबारे लेख्नुहोस् ।<br>• ऋतु र चाडपर्वका बीचमा के अन्तर सम्बन्ध छ ? | |
| २. (क) बाग्मती सभ्यताको इतिहास | ४. सिङ्गो काठमाडौँ उपत्यका (स्वनिगः) वा नेपालमण्डलको मानव सभ्यता (बाग्मती सभ्यता)को रूपमा प्रस्तुत गर्न । | उपत्यका दहको पानी विभिन्न प्राकृतिक कारणले बाहिर निष्कासन भएपश्चात् उर्वरभूमिमा परिणत भएको र बाग्मती नदी र यसका अन्य सहायक नदीहरूको किनारमा प्रागैतिहासिक समयका विभिन्न कालखण्डमा मानव सभ्यताको विकास भएको तथ्य । | • उपत्यका दहको पानी कसरी निष्कासन भयो र कसरी यहाँ मानव बस्तीको थालनी भयो भन्नेबारे धेरै ऐतिहासिक, धार्मिक र मिथकहरू भएको चर्चा गर्ने ।<br>• तर यहाँ पहिलो मानव सभ्यताको थालनी सम्बन्धी वैज्ञानिक रूपमा तथ्य पुष्टि हुन अझै नयाँ नयाँ खोज र अनुसन्धान हुन बाँकी भएको बारेमा छलफल गर्ने ।<br>• यस सम्बन्धमा काठमाडौँ उपत्यकाका विभिन्न स्थान र वरिपरिका जिल्लाहरूमा विभिन्न समयमा भएको पुरातात्त्विक उत्खननले उपत्यकामा नवपाषाण युगदेखि (Neolithic Era अथवा आजभन्दा १०,००० देखि ३,३०० वर्ष पहिलेका मानवले प्रयोग गर्ने ढुङ्गेहतियार भेटाइएकोले) नै मानव बसोबास भएको पुष्टि भएको तथ्यबारे छलफल गर्ने ।<br>• उपत्यकाका विभिन्न नदीहरू भएको नक्सा देखाई तिनीहरूको पहिचान गर्ने क्रियाकलाप गर्ने । | • सम्बन्धित फोटोहरू तथा श्रव्यदृश्य सामग्री ।<br>• पाषणयुगका हतियार हरूको चित्र ।<br>• पुरात्वातिक उत्खननका चित्रहरू | • स्वनिगः वा नेपाल<br>• मण्डलको मानव सभ्यता (बाग्मती सभ्यता)को बारेमा वर्णन गर्नुहोस । | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | (सन् १९७८ (वि.स. २०३४) मा रूसी प्रागैतिहासिक पुरातत्त्वविद् डा. सेटेन्कोया टिमको अनुसन्धान / डा. गुर्डन कोभिनस /सन् १९८३ मा पुरातत्त्व विभागमा प्रमुख अनुसन्धान अधिकारी जनकलाल शर्माले गर्नुभएको अनुसन्धानको आधारमा) | | | |
| | ५. प्रागैतिहासिक कालदेखि पूर्वलिच्छवि कालसम्मको नेपालमण्डल (का. उ.) को इतिहासको जानकारी । | ० प्रागैतिहासिक कालको नेपालमण्डलको अवस्था<br><br>० पूर्वलिच्छवि कालमा नेपालमण्डलको अवस्था | • प्रागैतिहासिक कालदेखि पूर्वलिच्छविकालसम्मको स्वनिगःको इतिहासका बारेमा अझै धेरै वैज्ञानिक तथ्यको खोज अनुसन्धान गर्नुपर्ने ।<br>• मानदेव प्रथमले चाँगुनारायणको अभिलेखमा (वि.सं. ३८६/सन् ४६४) उल्लेख गरेका आफ्ना पूर्खा वृषदेवको उदय नहुन्जेलसम्मको समयलाई पूर्व-लिच्छविकाल भएको चर्चा गर्ने ।<br>• वि.सं. ३८६ लाई नेपालको प्रथम प्रामाणिक इतिहास मादै लिच्वविकाललाई नै नेपालको लिखित इतिहासको रूपमा मान्यता दिँदै आएकोमा वि.सं. २०४९ सालमा काठमाडौंको मालीगाँउमा फेला परेको एक मानव पूर्णकदको सालिकको आधारमा नेपालको प्रामाणिक इतिहास अझ २७९ वर्ष अघि सरेको र लिच्छविहरूभन्दा पहिले वर्मा (जयदेव वर्मा) को शासन थियो भन्ने प्रमाणित भएको बताउने ।<br>• वर्मा र लिच्छविहरूभन्दा पहिला उपत्यका बाहिरबाट विशेष गरेर उत्तर हिन्दूस्तानबाट आगन्तुक भएर आएकाहरू जस्तै आभिर, कुसान, गुप्त, शक, आदिले पनि बाग्मती सभ्यतामा केही नयाँ आयाम थपेको बताउने । | • चाँगुनारायणको अभिलेखका फोटोहरू ।<br>• लिच्छविपूर्वका फोटोहरू | • पूर्व लिच्छविकालिन नेपालमण्डलको अवस्थाको वर्णन गर्नुहोस् । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. (ख) नेपालको आधुनिक राजनैतिक इतिहासमा भक्तपुरको भूमिका | १.नेपालको इतिहासको विभिन्न कालखण्डहरूमा ख्वप देको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक (शैक्षिक समेत) अवस्थाको बारे बताउन । | मध्यकालमा सिङ्गो नेपालमण्डलकै आर्थिक, राजनैतिक,सामाजिक, सांस्कृतिक र बौद्धिक केन्द्रको रूपमा रहेको ख्वपले आधुनिक कालसम्म पनि सामाजिक र राजनैतिक रूपमा सिङ्गो देशलाई बेला बेलामा उदाहरण भएर देखाउने गरेको इतिहास । | • लिच्छविकालदेखि कृषि उत्पादन र व्यापारमा उन्नत ख्वप आर्थिक रूपमा सम्पन्न भएकै कारण सांस्कृतिक रूपमा समेत यो उच्च स्तरमा पुगेको चर्चा गर्ने ।<br>• मध्यकालमा उत्तर भारतका तात्कालीन शासकहरू विभिन्न मुसलमान आक्रमणको शिकार हुँदा नालन्दा विश्वविद्यालयका विद्वान्हरू तथा अन्य शासकहरूसमेतको आश्रय स्थल तिरहुते सिम्रौनगढमा हुन पुगेको ।<br>• सिम्रौनगढ पनि वि.सं. १३८२ मा मुगलहरूको आक्रमणमा परी पतन भएपश्चात् उनीहरूको अर्को आश्रयस्थल ख्वप हुँदा उनीहरू त्यहाँका बौद्ध साहित्य तथा अन्य महत्त्वपूर्ण अभिलेखहरूसमेत आफ्ना साथ बोकी भक्तपुरमा सुरक्षित राखेको जानकारी दिने ।<br>• जयस्थिति मल्लको पालासम्ममा सामाजिक र सांस्कृतिक रूपमा नेपालमण्डल धेरै अगाडि पुगिसकेको चर्चा गर्ने ।<br>• सांस्कृतिक र शैक्षिकरूपमा समेत उन्नत ख्वप देको इतिहासलाई अध्ययन गरेपश्चात् विलियम कर्कपेट्रिकले यसलाई 'नेपालको बनारस'को उपमा दिएको तथ्य बताउने । | मध्यकाल र आधुनिककालको काठमाण्डौं उपत्यकाको इतिहास । | • मध्यकालको ख्वपको राजनैतिक अवस्थाबारे ब्याख्या गर्नुहोस् ।<br>• आधुनिककालमा ख्वपको सामाजिक अवस्था कस्तो थियो ? | २ |
| | २. आधुनिक युगको शुरूआतसँगै नेपालका शासकहरूले नेपालमण्डलकै गौरवशाली इतिहासलाई नजरअन्दाज गर्दै गएको तथ्य बताउन । | | • भक्तपुर आक्रमणकै क्रममा गोर्खाली सैनिकहरूले बहुमूल्य अभिलेखहरू सङ्ग्रहित पुस्तकालय (सफूकुथी) समेतमा आगजनी गरिदिएको चर्चा गर्ने ।<br>• वि.सं. १८२५ मा भक्तपुरमाथि पृथ्वीनारायण शाहको विजयपश्चात् शुरू भएको आधुनिक युगमा शाह वा राणा सबै शासकहरूले गौरवशाली इतिहास बोकेको नेपालमण्डललाई नियोजित रूपमै बेवास्ता गरेको तथ्यसहित जानकारी दिने । | | • आधुनिककालका शासकहरूले नेपालमण्डलको इतिहासलाई कसरी पछाडी पारिएको छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. आधुनिक युगको प्रमुख राजनैतिक र सामाजिक घटनाहरूमा ख्वप देका जनताले खेलेको भूमिका बताउन । | वि.सं. १८२५ पश्चात्को आधुनिक युगका विभिन्न राजनैतिक र सामाजिक, घटनाहरूमा (गणतान्त्रिक युगसम्म) मूलधारको राजनीतिमा ख्वप देले खेलेको भूमिका | • सिंङ्गो ३० वर्षको पञ्चायतकालमा भक्तपुरलाई अझ राजनैतिक रूपले दबाउने र पूर्ण निषेध गरिएको व्याख्या गर्ने ।<br>• गोर्खाली फौजसँग डटेर मुकाबिला (जबकि काठमाडौं र पाटनलाई बिनारक्तपात सजिलै जितेका थिए ।)<br>• राणा विरोधी आन्दोलनमा सहभागी (प्रजा परिषद्सँग सम्बद्ध)<br>• २०१७ सालदेखि पञ्चायत व्यवस्था विरोधी आन्दोलन र जनजागरण ।<br>• भूमिसुधार आन्दोलनको अगुवाई (साँढे धपाउने, मोहियानी हक, भर्पाई तथा बाली काट्ने किसान आन्दोलन ।<br>• भ्रष्टाचार विरोधी आन्दोलन, साम्राज्यवाद र विस्तारवाद विरोधी आन्दोलन ।<br>• सफाइ आन्दोलन, शिक्षक आन्दोलन<br>• वि.सं. २०४२ को शान्तिपूर्ण आन्दोलनमा भूमिका<br>• प्रजातन्त्र पुनस्थापनाको लागि २०४६ सालको पहिलो शान्तिपूर्ण जनआन्दोलनमा खेलेको भूमिका<br>• २०४७ सालमा प्रजातान्त्रिक संविधानको लागि गरिएको सङ्घर्ष<br>• छिमेकी भारतले २०७२ सालमा गरेको नाकाबन्दीको विरोधमा खेलेको सशक्त भूमिका<br>• वि.सं. २०६२/६३ को गणतन्त्रको लागि भएको आन्दोलनमा खेलेको भूमिका<br>• राष्ट्रियता जोगाउन गरिएको आन्दोलन<br>• सम्पदा संरक्षणको लागि गरिएका अग्रसरता । | • राणा विरोधी आन्दोलनका तथ्य तथ्याङ्कहरू<br>• पञ्चायत विरोधीआन्दोलनका फोटोहरू<br>• साम्राज्यवादी र विस्तारवादीका आन्दोलनका फोटोहरू<br>• २०४५ सालको भक्तपुर काण्ड र २०४६ सालको आन्दोलनका विवरणहरू<br>• २०६२/०६३ सालको आन्दोलनका भिडियो क्लिप्सहरू<br>• सम्पदा संरक्षणका प्रयासहरू<br>• राष्ट्रियता जोगाउने आन्दोलनका विवरणहरू | • राणा विरोधी क्रियाकलापमा ख्वपदेको भूमिका उल्लेख गर्नुहोस् ।<br>• भर्पाई तथा बालीकाट्ने आन्दोलन भनेको के हो ? वर्णन गर्नुहोस् ।<br>• सम्पदा संरक्षणमा ख्वपदेले खेलेको भूमिका प्रष्ट पार्नुहोस् । | २ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | क) वडागत स्थानीय जातजाति (थरहरू) को जनसाङ्ख्यिक विवरण तयार पार्न । | • लिङ्गको आधारमा स्थानीय जातजाति (थर हरू) को वडागत जनसङ्ख्या विवरण<br><br>• निश्चित जातिगत (थरहरू) विभिन्नताका आधारमा स्थलगत पृथकीकरण (caste segregation)<br>जस्तै : प्रजापति, वासुकला, माक, शाही, द्योउला, ताम्राकार, चिकंबन्जार, मानन्धर, बज्राचार्य, कवां आदि | • तपाईं बसेको वडामा के एउटै थरका (जातिका) मान्छेहरू बस्छन् ? ख्वपका विभिन्न वडाहरूमा कुन कुन थरका कति जात कहाँ बस्छन् भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ ? त्यसको स्रोत थाहा पाउन कहाँ जानुपर्छ ? के गर्नुपर्छ ? भनी कक्षामा छलफल गर्ने ।<br>• छलफलबाट निर्क्योल भएका कुरालाई आवश्यक तथ्याङ्क प्राप्त गर्न सोहीबमोजिमको ढाँचा (फरम्याट) तयार गर्न लगाउने । समूहमा बाँडी सम्बन्धित निकाय वा संस्थाहरूमा स्रोत तथ्याङ्क सङ्कलन गर्न पठाई ढाँचाअनुसारको तालिकामा प्राप्त तथ्याङ्कलाई भर्न लगाउने । वडागत तथ्याङ्कलाई तालिकालाई समूहगतरूपमा प्रस्तुत गर्न लगाउने ।<br><br>ख्वपका नेवार जातिहरूमा उच्चरूपमा पृथीकरण (Segregation) भएको देखिन्छ । विशेष गरीकन ठाउँ (टोल) र पेशाबाट ती विभिन्न थरका समुदायहरू चिनिन्छन् । अथवा ती जातिको थरबाट ठाउँ वा पेशा चिनिन्छ । जस्तै बासुकला ब्यासी टोलमा, प्रजापति सूर्यमढी र तालाक्व टोलमा । विषय विस्तृतीकरणमा उल्लेख गरिएका निश्चित थरहरू भएका समुदायहरू ख्वप नगरमा कहाँ, कुन टोलमा बस्छन् ? ती टोलहरूमा कुन जाति (समुदाय) को बाहुल्यता छ ? कक्षामा सोधिएका प्रश्नका उत्तरहरू बोर्डमा टिप्दै जाने । निश्चित जाति रहने टोल र तिनीहरूको पेशासहितको तालिकाको ढाँचा (format) तयार पारी समूहमा छलफल गरी भर्न लगाउने । आवश्यक ठाउँमा शिक्षकले सघाउने । | केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको जनगणना (२०...), website पछिल्लो आमचुनाव, स्थानीय चुनावको लागि तयार पारिएको मतदाता नामावली<br>- चार्टहरू<br>- विषयमा उल्लिखित जातिहरू रहने थलो (टोल, बस्ती), उनीहरूको पेशा, व्यवसाय झल्किने तस्बिर, पोष्टर र video clips | - ख्वपका अधिकांश टोलमा विशेषतः एक समुदायको बाहुल्यता भएको पाइन्छ किन?<br><br>कुनै एक ठाउँको स्थलगत अध्ययनसहितको प्रतिवेदन प्रस्तुत गर्नुहोस् । | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • छुट्ट्याइएका ती नै विद्यार्थी समूहहरूलाई निश्चित कुन जाति/समुदाय कुन स्थानमा रहेका छन् । ती टोलहरूमा पढाइ जेष्ठ नागरिक र अरू सम्बन्धित जाति/समुदायका विशेष मानिसहरूसँग प्रश्नावलिसहित सोधपुछ गराई उच्च रूपमा भएको caste segregation पुष्ट्याई गर्न थप बुँदाहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• Caste Segregation का नक्सा, चित्र, तथ्याङ्क, तालिका बनाउन लगाउने । | शिलालेख, अभिलेख, ताम्रपत्र आदिको तस्बिर, Video clips | • ख्वपमा निश्चित जातिहरूको वडागत वितरण कसरी भएको छ? त्यसको चार्ट र नक्सासहित प्रस्तुत गर्नुहोस् । | ४ |
| | ख) स्थानीय जातजाति (समुदाय)हरूको जनसाङ्ख्यिक बनावटमा परिवर्तन, त्यसको प्रभावबारे जानकारी हासिल गर्न र त्यसको नकारात्मक प्रभावलाई नियन्त्रण गर्ने उपायहरू बताउन । | • स्थानीय जातजातिको बसाइ-सराइ<br>• बसाइ सराइका कारणहरू र त्यसले ल्याउने परिवर्तनहरू<br>• ख्वपमा जनसाङ्ख्यिक बनावटमा आएको परिवर्तनले देखापरेको वातावरणीय, सामाजिक सांस्कृतिक प्रदूषण र नियन्त्रण | • जनसङ्ख्याको आकार र बनावट सधैं स्थिर रहिरहँदै । त्यसमा परिवर्तन आइरहेको हुन्छ । उक्त परिवर्तनको विभिन्न कारणहरूमध्ये बसाइ सराइ पनि एउटा प्रमुख कारण भएको उल्लेख गर्दै ख्वपमा देखिएको बसाइ सराइको विशेषताबारे छलफल गर्ने ।<br>• बसाइ सराइ सम्बन्धी एउटा तालिकाको रूपमा खाका तयारपारि दिने । त्यसमा विषयवस्तुमा खलक/समुदाय, भक्तपुरमा पहिला बसेका ठाउँ, पुर्खा बसाइ सरिआएको ठाउँ, घर धुरी सङ्ख्या/प्रतिशत र स्रोत खुल्ने गरी कोलमहरू संलग्न गर्ने । त्यसको प्रविधिकरण गरी समूह समूहमा बाँडेर project work गराउने ।<br>• ख्वपमा बसाइ सरिआउने र ख्वपबाट बसाइ सरी बाहिर जाने विषयमा pull / push factor हरू थाहा पाउन ती बसाइ सर्नेहरूको सम्बन्धित टोल छिमेकमा गई आवश्यक तथ्याङ्क संकलन गर्न समूह विभाजन गरी पठाउने । त्यसको ढाँचा (format) तयार गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>• विषयवस्तुमा उल्लिखित निश्चित जातिहरू (समुदायहरू)को बस्ने ठाउँको स्थलगत भ्रमण गरी उनीहरूको पेशा, व्यवस्थाबारे प्रतिवेदन तयार पार्न लगाउनुहोस् । | | • जनसाङ्ख्यिक बनावटको परिवर्तनले हुने नकारात्मक असरहरू उल्लेख गर्नुहोस् ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • ख्वपमा रहेका बासिन्दाहरूसँग निम्न प्रश्नावलीसहित प्रत्येक विद्यार्थीले दश घर धुरीमा नदोहोरिने गरी गएर आवश्यक विषय उत्तर सङ्कलन गराउने ।<br>• सर्वेक्षण प्रश्नावली<br>१) घरधनीको नाम.....<br>२) मूल घर वा पूर्ख्यौली घर कुन हो?<br>३) बसाइ सराइ गरेको समय ....?<br>४) पुर्ख्यौली पेशा के हो?<br>५) पुरानो घर निर्माण गरेको कति वर्ष भयो?<br>६) पुरानो घर कति भागमा विभाजन भयो?<br>७) मुख्य मुख्य पूजा हुँदा गणेश कहाँको मान्ने?<br>८) मुख्य मुख्य पूजा हुँदा कुन पीठमा पूजा गर्न जानुहुन्छ?<br>९) गुठी घर छ कि छैन? नभए गुठीको क्रियाकलाप गर्ने ठाउँ कता छ?<br>११) मृत्यु संस्कार गर्ने घाट कुन हो?<br>• ख्वपमा भएको यस्तो बसाइ सराइले हुने सकारात्मक र नकारात्मक परिवर्तनहरू के-के हुन सक्छन् ? समूह समूहमा छलफल गराउने ।<br>• ख्वपको जनसाङ्ख्यिक बनावटमा यस्तो खालको बसाइ सराइको कारण वातावरणीय समस्याको साथै आर्थिक, सामाजिक सुविधामा र सांस्कृतिक क्षेत्रमा के कस्ता समस्याहरू देखिए भन्ने विषयमा पनि छलफल गराउने ।<br>• बसाइ सराइका कारण देखापरेका समस्याहरूलाई नियन्त्रण गर्न सम्बन्धित निकाय, सङ्घ-संस्था र सरोकारवालाहरूले के-कस्ता योजना बनाएका छन्? कार्यान्वयनका लागि पहल भएको छ छैन बुझ्नको लागि वडा कार्यालय नगरपालिका, खानेपानी तथा ढल निकास व्यवस्थापन शाखा, विद्युत प्राधिकरण, टेलिफोन कार्यालय आदि सम्बन्धित सङ्घ-संस्थाहरूमा अध्ययन गर्न पठाउने । त्यसको समूहगत प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | • जनसाङ्ख्यिक चार्टहरू<br>• बसाइ सराइ झल्काउने चार्ट हरू, Pictorial charts<br>• तीव्र र अव्यवस्थित शहरीकरण जनाउने चित्रहरू<br>• ख्वपको जल, जमिन र धार्मिक सम्पदामा देखा परेका जोखिमहरू दर्शाउने चित्रहरू?<br>• कृषि योग्य जमिन/भूमि मासिँदै आवास क्षेत्र फैलिँदै गएको नक्सा<br>• स्थानीय मानवीय शक्ति पलायन हुँदै गएको चित्र | • | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • परम्परागत मौलिक सीप र दक्षता कमजोर हुँदै विस्थापित भएको अवस्था झल्काउने चार्ट र चित्रहरू<br>• बढ्दो वातावरण प्रदूषणका पोष्टर र तस्बिरहरू<br>• तुलनात्मक भू-उपयोगका नक्साहरू | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) ख्वपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन | • बुद्धिकुमार गोसाई<br>• महा प्रज्ञा बौद्ध प्रेमबहादुर श्रेष्ठ<br>• रमापतिराज शर्मा<br>• डा. योगेन्द्रभक्त प्रधानाङ्ग | • विशिष्ट कोही व्यक्तिहरूको जीवनीबारे अध्ययन अनुसन्धान गरी जानकारी राख्नुपर्ने कारण किन होला भनी कक्षामा छलफल गर्ने ।<br>• अहिलेसम्म पढेका जीवनीहरूबाट के-कुरा सिक्ने र विशिष्ट व्यक्तिहरूको जीवनीबाट के प्रभाव पऱ्यो त ? भनी व्यक्तिगत केही विद्यार्थीहरूलाई सोधी उनीहरूको आफ्नो धारणा व्यक्त गर्न लगाउने ।<br>• समूहगत छलफलबाट विशिष्ट व्यक्तिहरूको व्यक्तिगतबारे विवरण प्रस्तुत गर्न लगाउने । यसको निम्ति आवश्यक सामग्रीहरू शिक्षकले प्रदान गरी सहयोग गर्ने ।<br>• आवश्यक जानकारीका लागि सम्बन्धित व्यक्तिको घर, परिवार, सङ्घ-संस्था दलको कार्यालयसँग बुझेर आवश्यक सामग्रीहरू (लिखित, मौखिक, श्रव्य-दृश्य) प्राप्त गरी समूगत रूपमा कक्षामा लिखित प्रस्तुति दिन लगाउने । | • विशिष्ट व्यक्तित्वहरूका फोटोहरू | • महा प्रज्ञा बौद्ध ऋषि प्रेमबहादुर श्रेष्ठको जीवनीबाट हामीले के शिक्षा प्राप्त गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ४) स्थानीय विविध संस्कृति :<br><br>क) पञ्चदान पर्व | १. पञ्चदानको अर्थ, मनाउने तिथि र दिन बताउन । | १)<br>क) पञ्चदान शब्दको अर्थ<br>ख) पञ्चदानको अर्थ सम्बन्धी विभिन्न विद्वान्हरूको भनाइ<br>ग) पञ्चदान मनाउने तिथि र दिन | १) पञ्चदान पर्वमा के के गरेको देख्नु भएको छ ?<br>• सबै विद्यार्थीहरूको विचार सुनिसकेपछि पञ्चदानको अर्थ र विभिन्न विद्वान्हरूले दिनुभएको धारणालाई बोर्डमा लेखी शिक्षकले व्याख्या गरिदिने ।<br>२) पञ्चदान मनाउने तिथि र दिन सम्बन्धी बताइदिने । | | १) विभिन्न बौद्ध विद्वान्हरूले दिनुभएको पञ्चदानको अर्थ लेख्नुहोस् । | ३ |
| | २. नेपाल र अन्य बौद्ध देशहरूमा (पाटनमा बाहेक) पञ्चदान पर्व श्रावण शुक्ल त्रयोदशीको दिनमा मनाउन लिएको आधार सम्बन्धी व्याख्या गर्न । | २)<br>क) यस संसारमा सबभन्दा पहिले देखापरेका बुद्ध दीपङ्कर बुद्ध<br>ख) पञ्चदानको प्रारम्भ गर्ने दीपङ्कर बुद्ध<br>ग) वाराणसीमा पहिलो पटक पञ्चदान ग्रहण गर्ने दीपङ्कर बुद्ध<br>घ) पञ्चदानको जन्मदाता दीपङ्कर बुद्ध हुँदा पञ्चदानको आयोजना गर्दा दीपङ्कर बुद्धको उपस्थिति अनिवार्य हुनु । | १) तपाईंको परिवारले कसैलाई चामल कसैलाई पैसा, कसैलाई लुगा दान दिनुहुन्छ भने त्यसलाई पञ्चदान भन्न मिल्छ ? कि मिल्दैन ?<br>• विद्यार्थीको उत्तर सुनिसकेपछि निम्न कुरा व्याख्या गरिदिनेः<br>• "पाँच प्रकारका खाद्यान्न दान गर्नु पञ्चदान हो । सबभन्दा पहिले पञ्चदानको सुरूआत दीपङ्कर बुद्ध (सबभन्दा पहिलो बुद्ध) ले भिक्षा ग्रहण गर्नु भई प्रारम्भ गर्नुभएको थियो । यसैले हरेक पञ्चदान कार्यक्रममा दीपङ्कर बुद्धको उपस्थिति आवश्यक मानिन्छ । | दीपङ्कर बुद्धको तस्बिर | २) के को आधारमा भक्तपुरमा पञ्चदान श्रावण शुक्ल त्रयोदशीको दिनमा मनाइन्छ ? लेख्नुहोस् । | |
| | ३) पञ्चदान पर्वको दिन भक्तपुरमा हुने विभिन्न कार्यक्रमहरूको वर्णन गर्न । | ३)<br>क) पञ्चदान पर्वको शुरू तौलाछें सूर्यमढी,<br>ख) दीपङ्कर बुद्धलाई पूजाको लागि उन्नान्सय स्थानमा विराजमान | • श्रावण शुक्ल त्रयोदशीको दिन दीपङ्कर बुद्धले वाराणसीमा भिक्षाटन गर्नुभएको दिनको स्मरणलाई आधार मानी सोही दिनमा नेपाल र अन्य बौद्ध देशहरूमा पञ्चदान पर्व मनाउन थालेको कुरा व्याख्या गरिदिने ।<br>३) तपाईंहरूमध्ये कसले पञ्चदान जात्रा (पर्व) परिक्रमा आएको देख्नुभएको छ ?<br>- देखेँ भन्नेसँग मात्र सोध्नेः "परिक्रमा समूहमा | परिक्रमाको तस्बिर | ३) पञ्चदानको परिक्रमा कहाँ पुगेर अन्त हुन्छ ? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | के के देख्नुभयो? टोल टोलमा के के गरेको देख्नुभयो?<br>• विद्यार्थीको उत्तर सुनिसकेपछि निम्न तथ्यहरूद्वारा स्पष्ट व्याख्या गरिदिनेः<br>• "परिक्रमामा बाजासहित पाँच दीपङ्कर बुद्धहरू र पञ्चदान लिने बज्राचार्य र शाक्यहरू सँगसँगै आएका हुन्छन् । टोल टोलमा निश्चित ठाउँमा लिपपोट गरी आसन बनाई राखेको ठाउँमा दीपङ्कर बुद्धहरू विराजमान गराई सबै पूजाआजामा व्यस्त हुन्छन् । त्यही बेलामा विभिन्न ठाउँमा पञ्चदान कार्यक्रम पनि सञ्चालन भैरहेको हुन्छ । पञ्चदानको प्रारम्भ भने एका बिहानै तौलाछेको सूर्यमढी डबलीबाट सुरू भई परिक्रमा अघि बढेको हुन्छ । | | | |
| | ४) परिक्रमाको अन्तिम विराजमान स्थल टौमढीमा हुने विशेष कार्यक्रमको वर्णन गर्न | ग) परिक्रमामा बाजागाजा, दीपङ्कर बुद्धहरू र पञ्चदान लिने शाक्य र बज्राचार्यहरू<br>क) दीपङ्कर बुद्धको उन्नान्सयौं विराजमान स्थल टौमढी<br>ख) भक्तपुरका धेरैले पूजाआजा गर्ने ठाउँ<br>ग) भक्तपुरका सबै गुँला बाजाहरू जम्मा हुने ठाउँ<br>घ) दाफाभजन, बौद्धस्त्रोत्र पाठ गर्ने ठाउँ<br>ङ) भैरबलाई अभयज्ञान दिने ठाउँ | ४) तपाईंहरूमध्ये कसले कसले पञ्चदान दिनको साँझतिर टौमढीको विशेष जात्रा हेर्नुभएको छ ?<br>• जसले जसले जात्रा हेर्नुभएको छ उहाँहरूले देख्नुभएको कुरा वर्णन गर्न लगाई - निम्न तथ्यहरूको आधारमा व्याख्या गरिदिने :<br>• नगरको परिक्रमाको उनान्सय (९९) विराजमान स्थलहरूको अन्तिम स्थल टौमढीको धारासँगैको दबुमा पाँच दीपङ्कर बुद्धहरूको विराजमानपछि पूजा गर्नेहरूको घुइँच्चो लाग्छ । विभिन्न विहारहरूबाट आएका गुँला बाजाहरू बज्न थाल्छन् । विभिन्न दाफा, भक्तजन र बौद्ध स्त्रोत्रपाठहरू भैरहेका हुन्छन् । टौमढीमा सम्पूर्ण ठाउँमा दर्शकहरू भरिभराउ हुन्छ । | कुनै विराजमान स्थलको पूजा आजा गरिरहेको तस्बिर | ४) भैरब नाथ देवता अगाडि पाँचै दीपङ्कर किन नाच्छन् ? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५) दीपङ्कर बुद्ध र पाँचपाण्डवको बीचको फरक पहिचान गर्न । | क) अस्त्र बोकेको र अस्त्रबिनाको<br>ख) शारीरिक बनौट र हस्त मुद्रामा फरक<br>ग) त्यागी/भोगी | २) तपाईँहरूमध्ये कसै कसैले टौमढीको भैरब देवता अगाडि पाँचजना दीपङ्कर बुद्धहरू नाचेको देख्नुभएको छ?<br>• यसको उत्तर विद्यार्थीले नदेखेको र याद नगरेको हुन सक्छ । यसैले यी कुराहरू व्याख्या गरी स्पष्ट गरिदिने : "टौमढीमा पाचै दीपङ्कर बुद्धहरूलाई चतुर्ब्रह्म महाविहार (साकोठाको) परिवारबाट बिदाबाजीपछि दीपङ्कर बुद्धहरू भैरब देवताअगाडि गएर शास्त्रीय पोङाबाजाको बौद्ध स्त्रोत्रको धुनमा भैरब नाथलाई शान्त रहन सकोस् भनी अभय वरदान (ज्ञान) नाचको माध्यमबाट दिनको लागि नाचेको भनी बौद्ध विद्वान्हरूको तर्क छ । नाचपछि पाँचै दीपङ्कर बुद्धहरू आफ्नो आफ्नो विहारमा फिर्ता लगिएका हुन्छन् :<br>क) पशुपति (प्रशन्नशील) विहार, क्वाठण्डौमा - १ दीपङ्कर<br>ख) चतुर्ब्रह्म विहार, साकोठामा - १ "<br>ग) मङ्गलदीप विहार, इनाचो - १ "<br>घ) जयकीर्ति विहार थथुवही - १ "<br>ङ) बौद्ध सभंकृत विहार, कुथुवही - १ "<br>५) भीमसेनले लडाइँको कुन अस्त्र बोक्नुभएको छ?<br>• अर्जुनले लडाइँको कुन अस्त्र बोक्नु भएको छ?<br>• दीपङ्कर बुद्धले लडाइँको कुन अस्त्र बोक्नु भएको छ?<br>विद्यार्थीको उत्तर सुनिसकेपछि निम्न फोटो र तथ्यहरूको आधारमा दीपङ्कर बुद्ध र पाण्डवको पहिचान गराइ दिनुहोस् । बोर्डमा दीपङ्कर बुद्ध र भीमसेन वा अर्जुनको फोटो टाँगेर व्याख्या गरिदिने : | | दीपङ्कर बुद्ध प्रतिस्थापित पाँच विहारहरूको नाम लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • दीपङ्कर बुद्ध दायाँ हातले अभय वर दान दिने मुद्रामा र बाँया हातले चीवर समातिरहेको मुद्रामा हुन्छ भने पाण्डवहरू एक हातले लडाइँको अस्त्र समातिरहेको मुद्रामा हुन्छन् ।<br>• दीपङ्कर बुद्धलाई विहारमा मात्र प्रतिस्थापित गरेको हुन्छ भने पाण्डवहरूलाई मन्दिर वा मन्दिरको भित्तामा पनि प्रतिस्थापित गरेको पाइन्छ ।<br>• दीपङ्कर बुद्ध राजपाठ, परिवार, सम्पति त्यागी सम्पूर्ण जगतको तपस्या गरी बुद्धत्व प्राप्त गरेको हुन्छ भने पाण्डवहरू राजकाजको लागि स्वजनहरूसँग लडाइँ गरेको पाइन्छ ।<br>दीपङ्कर बुद्धलाई सङ्ख्याको आधारमा पाण्डव भन्न नमिल्ने आधारहरू<br>• पाटनमा सयौं (१००) दीपङ्कर बुद्धहरूको सङ्ख्यामा छन् ।<br>• काठमाडौंमा साठी (६०) जति दीपङ्कर बुद्धहरूको सङ्ख्यामा छन् ।<br>• भक्तपुरमा पाँच (५) जना दीपङ्कर बुद्धहरूको सङ्ख्यामा छन् ।<br>• कुनै पनि ठाउँमा दीपङ्कर बुद्धहरूको सङ्ख्या बौद्ध धर्मालम्बीहरूको जनसङ्ख्यामा भर पर्छ । | दीपङ्कर बुद्ध र पाँचपाण्डवहरूका फोटोहरू | ६) दीपङ्कर बुद्ध पाँचपाण्डव होइन भने कुनै पाँच बुँदामा स्पष्ट पार्नुहोस् । | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ख) गुरू पूर्णिमा | १) गुरू पूर्णिमा नाम कसरी रहन गयो त्यसको कारण बताउन । | १) आषाढ पूर्णिमा - गुरू पूर्णिमा<br>- गुरू शब्दको अर्थ<br>- गुरू शब्दसँग सम्बन्धित अन्य शब्दहरू<br>- आषाढ पूर्णिमालाई गुरूपूर्णिमाको नामकरणको कारण | १) गुरू शब्दको अर्थ दिने अन्य शब्दहरू के के हुन्?<br>• विद्यार्थीहरूसँग सोध्दै बोर्डमा लेख्दै जानुहोस् । यी शब्दहरू नछुटोस् : गुरू, शिक्षक, प्रशिक्षक, अध्यापक, प्राध्यापक, प्राचार्य, आचार्य, उपाध्याय, सहजकर्ता, सर, माय्डम, मिस, आमाबाबु आदि<br>क) तपाईँको जीवनमा आजसम्म कति जना गुरू गुरूमाहरूले के के विषयहरू सिकाउनु भएको, याद गराउँदै, कुनै दश जनाको नाम र विषय लेख्न लगाउनुहोस् ।<br>• सबैको लेखाइलाई कक्षामा प्रस्तुत गर्न लगाई गुरू शब्दको अर्थलाई स्पष्ट व्याख्या गरिदिनुहोस् ।<br>ख) व्यक्तिको विकास, समाजको विकास र राष्ट्रको विकासमा गुरूको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । यस्ता महान् व्यक्तिको सम्मान कहिले र कसरी गरिन्छ?<br>• विद्यार्थीबाट आएका उत्तर बोर्डमा लेखी छलफल गर्नुहोस् । | गुरूलाई सम्मान गरिरहेको फोटो | १) गुरूको सम्मान किन गर्नु पर्ने? | ४ |
| | २) गुरू पूर्णिमालाई व्यास पूर्णिमा (जयन्ति) पनि भन्नुको अर्थ बताउन | २) व्यासको परिचय र योगदान<br>- वेदव्यास नामकरण<br>- व्यास पूर्णिमा भन्नुको कारण | २) छलफलको लागि प्रश्न बोर्डमा लेख्नुहोस् ।<br>"महाभारत ग्रन्थ लेख्ने र लोकप्रिय ग्रन्थ वेदलाई अध्ययन गर्न सजिलो बनाउने विद्वत् ऋषिको नाम के हो?"<br>• विद्यार्थीहरूको उत्तर सुनिसकेपछि निम्न तथ्यको आधारमा स्पष्ट पारिदिनुहोस् :<br>"विद्वत् महर्षि व्यासले महाभारतलगायत अन्य ठूला ठूला ग्रन्थहरू पनि रचना गर्नुभयो । त्यस्तै प्रारम्भमा देखापरेका वेद ग्रन्थ एउटै ग्रन्थमा सबै कुरा समावेश गरिएको हुँदा अध्ययन गर्न गाऱ्हो थियो । त्यसलाई सजिलो बनाउन ऋग्वेद, यर्जुवेद, सामवेद र अर्थवेद नामबाट वेदलाई चार भागमा विभाजन गरी सरल बनाएकोले वेद महर्षिको नाम नै "वेदव्यास" कहलिएको हो । उहाँको विद्वत्तालाई कदर गरी गुरू पूर्णीलाई व्यास पूर्णिमा वा व्यास जयन्ती पनि भन्ने गरिएको हो । | पुस्तक वेद ग्रन्थ<br><br>ऋषिको फोटो | २) महर्षि वेदलाई वेदव्यास ऋषि किन भनियो? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३) धर्मचक्र प्रवर्धन दिवसको अर्थ बताउन । | ३) बुद्धको गृहत्याग<br>- ६ वर्षको तपस्या<br>- बोद्धिज्ञान प्राप्त<br>- पाँच ऋषिहरूलाई पहिलो पल्ट धर्म देशना | ३) बुद्ध धर्मलाई जोड दिने देशहरू कुन कुन हुन्?<br>विद्यार्थीहरूको उत्तर बोर्डमा लेख्दै जानुहोस् र व्याख्या गर्दा यी देशहरू नछुट्ट्याउनुहोस् :<br>जापान, चीन, थाइल्याण्ड, म्यानमार, भुटान, श्रीलङ्का, सिङ्गापुर, इण्डोनेसिया, लाओस, द. कोरिया, मङ्गोलिया, भियतनाम, मलेसिया आदि<br>६) बुद्ध धर्म यतिको व्यापक कसरी भयो होला?<br>• यस प्रश्नमा छलफल गरी निम्न तथ्यको आधारमा व्याख्या गरिदिनुहोस् : "६ वर्ष तपस्याबाट बुद्धत्व प्राप्तपछि बुद्धले ४५ वर्षसम्ममा धेरै शिष्यहरूको सहयोग लिई विभिन्न देशहरूमा धर्म देशना गर्दै जाँदा व्यापकता बढ्दै गएको बुझिन्छ । यस धर्ममा जातिगत विभेद नहुनु यो घर्मको राम्रो पक्ष हो । अन्ध विश्वास रहित जीवनोपयोगी छ । धर्म मान्नुपर्ने जोरजुलुम नगरी जाँचेर अनुभव गरी सत्य लागेमा मात्र स्वीकार्नु भन्ने स्वतन्त्रता यसमा हुँदा अझ व्यापक बनाउन यसले टेवा पुऱ्याएको देखिन्छ ।<br>७) बुद्धले सबभन्दा पहिले धर्म देशना गरेको ठाउँ कहाँ हो? त्यस धर्म देशनालाई के नामकरण गरिएको छ?<br>• विद्यार्थीबाट उत्तर सुनिसकेपछि निम्न तथ्यहरूको आधारमा व्याख्या गरिदिनुसः "६ वर्ष तपस्याबाट प्राप्त बोद्धिज्ञानलाई यो संसारलाई बाँड्न नसकेमा दुःखबाट मुक्त गराउने आफ्नो लक्ष्य पूरा नहुने कुरा चिन्तन गरी आफू तपस्या गर्न जाँदा भेटेका पाँच जना ऋषिहरूलाई सम्पर्क राखी आषाढ पूर्णिमाकै दिन बुद्धले सबभन्दा पहिले भारतको सारनाथको मृगदावनमा धर्म देशना गर्नुभएको थियो । जसलाई धर्मचक्र प्रवर्धन नामकरण गरिएको छ । यसैले सबै बौद्ध मार्गीहरू गुरू पूर्णिमालाई धर्मचक्र प्रवर्धन दिवसको रूपमा मान्छन् । | विश्वका विभिन्न देशहरू भएको नक्सा<br><br>पाँच ऋषिहरूलाई बुद्धले धर्म देशना गरिरहेको फोटो | ३) कुन तिथिमा के गरेको लाई धर्मचक्र प्रवर्धन दिवस भनेको हो? ब्याख्या गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४) विश्व जन मानसले बुद्धलाई स्मरण गर्ने दुई ओटा अति महत्त्वपूर्ण पर्वको रूपमा धर्मचक्र प्रवर्धन पर्व र बुद्ध जयन्ती पर्वको वर्णन गर्न । | ४) धर्मचक्र प्रवर्धन मनाउने तिथि ।<br>- ४५ वर्षसम्म धर्म प्रचारको प्रारम्भ धर्मचक्र पवर्धन कार्यक्रमबाट सुरूआत ।<br>- आषाढ पूर्णिमा बुद्धका विभिन्न कार्यहरूको संयोग ।<br>- वैशाख पूर्णिमामा पर्न गएका बुद्धका विभिन्न संयोगहरू । | ८) बुद्ध धर्ममा प्रत्येक महिनामा आउने प्रत्येक पूर्णिमाको विशेष महत्त्व राख्दछ । त्यसमध्ये पनि आषाढ पूर्णिमा र बैशाख पूर्णिमालाई विशेष पर्वको रूपमा मान्छन् किन होला ? विद्यार्थीलाई उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको उत्तरलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् । छलफलपछि निम्न लिखित बुँदाहरू बोर्डमा लेखी वा कार्बोड पेपरमा लेखी स्पष्ट वर्णन गरिदिनुहोस्ः<br><br><u>आषाढ पूर्णिमाका दिन बुद्धसँग सम्बन्धित पाँच संयोग (घटना) हरूः</u><br>१) महामाया देवीको गर्भ धारण<br>२) तपस्या गर्न गृहत्याग (महाभिनिष्क्रमण)<br>३) बुद्धबाट पहिलो धर्म देशना (धर्मचक्र प्रवर्धन)<br>४) श्रावस्तीमा ऋद्धि प्रदर्शन<br>५) आमा मायादेवीलाई स्वर्गमा (त्रयात्रिशुभुवनमा) अभिधर्म देशना<br><br><u>बैशाख पूर्णिमाका दिन बुद्धसँग सम्बन्धित तीनओटा संयोग (घटना)हरूः</u><br>१) सिद्धार्थको जन्म<br>२) तपस्याबाट बोद्धिज्ञान प्राप्त<br>३) महापरिनिर्वाण | तपस्या गरिरहेको फोटो<br>परिनिर्वाणको फोटो | ४) आषाढ पूर्णिमाका दिन बुद्धसँग सम्बन्धित संयोगहरू के के हुन् ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ग) झ्व भ्वय् | १) झ्व भ्वय्को धारणा (परिचय) दिन । | १) झ्व भ्वय् को परिचय (धारणा)<br>- भ्वय्को अर्थ<br>- झ्व भ्वय्को अर्थ | १) लपेसमा चिउरा राखेर भोज खाएको कति समय भयो ?<br>क) भोज के को उपलक्ष्यमा भएको थियो ?<br>ख) भोज कुन ठाउँमा भएको थियो ?<br>उपर्युक्त प्रश्नहरू राखेर अन्तरक्रिया गर्ने ।<br>ग) विद्यार्थीलाई भोजको सामान्य अर्थ लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र आफूले अनुभव गरेको आधारमा झ्व भ्वय्को अर्थ स्पष्ट पारिदिने जस्तैः झ्व भ्वय् भन्ने बित्तिकै जेष्ठताको आधारमा लाइनबद्ध बसेर नातेदार, टोल छिमेकी परिवार एक साथ बसेर क्रमबद्ध तरिकाले विभिन्न सितनहरू (परिकारहरू) राखेर खाने भोजलाई झ्व भ्वय् भनिन्छ ।<br>- उपलब्ध भए झ्व भ्वय्को तस्बिर देखाइदिने । | झ्व भ्वय्को तस्बिर | १) कस्तो भ्वय्लाई झ्व भ्वय् भनिन्छ? | ५ |
| | २) विभिन्न पर्व, उत्सव, पूजाआजा र मृत्यु संस्कार भोजको पहिचान गर्न । | २) विभिन्न पर्व, उत्सव, पूजाआजा र मृत्यु संस्कार भोजको फरक फरक व्यवस्थापन बताउन । | २) विभिन्न पर्व, उत्सव पूजाआजा र मृत्यु संस्कारजन्य भोजहरूको नाम र फरक फरक व्यवस्थापनको जानकारी गराउने । जानकारीको लागि पहिले नै कार्डबोर्ड पेपरमा लेखी प्रस्तुत गर्दा समयको मितव्ययी र प्रभावकारी बन्छ ।<br>उदाहरणको लागिः<br>क) विभिन्न पर्व भोज : दशैं, तिहार, योमरी पुन्हि, चथा (तिज), सितिनखा .....<br>ख) उत्सव भोजः विवाह, गुफा, ब्रतबन्ध, भीमरथारोहण, पास्नी (पस्ताभ्वय्) .....<br>ग) पूजाआजा भोजः गुठीगाना, देवालीपूजा, पीठपूजा, पञ्चवली पूजा, गृह प्रवेश पूजा (लसता भ्वय्) ..... | | २) पर्व भोज र पूजाआजा भोजमा के फरक छन? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | घ) मृत्यु संस्कार भोज : लोचा (लकचा) घःसु भ्वय्, श्राद्ध, खुला, दकिला (वार्षिकी) | | | |
| | ३) विभिन्न प्रकारको भोजमा प्रयोग हुने विभिन्न प्रकारको परिकारहरू (ब्वघासाहरू) को वर्णन गर्न । | ३) विभिन्न प्रकारको भोज मा प्रयोग हुने विभिन्न प्रकारका परिकारहरूको अर्थ र सङ्ख्याको अर्थ र व्याख्या गर्न । | ३) भोजमा प्रयोग हुने परिकार (ब्वघासा) शब्दको अर्थको जानकारी गराउने ।<br><br>क) पर्वभोज, उत्सव भोज, पूजाआजा भोज र मृत्यु संस्कार भोजमा परिकारको सङ्ख्या बराबर हुन्छ वा घटी बढी हुन्छ ?<br>- यस प्रश्नको उत्तर सबै विद्यार्थीहरूबाट सुनी सारांशमा यस भनाइ राखी बुझाइदिने ।<br>"मृत्यु संस्कार (आशौचको बेला खाने भोज) मा परिकारको सङ्ख्या कम हुन्छ भने उत्सव भोजमा परिकारको सङ्ख्या बढी हुन्छ" ।<br>- सबै प्रकारका भोजमा एकै प्रकारको परिकारहरू नहुने कुरा निम्न लिखित उदाहरणद्वारा स्पष्ट व्याख्या गरिदिने जस्तैः<br>- दशैं र पीठमा गरिने बलिपूजाको भोजमा छुयाला (पोलेको मासु) राखेकै हुन्छ भने अन्य भोजमा हुँदैन ।<br>- त्यस्तै मृत्यु संस्कार जन्य भोज (खुला, दकिला) मा फर्सीको परिकार प्रयोग गरेको हुन्छ भन्ने अरू भोजमा खास जोड दिएको हुँदैन । | भोज खाइरहेका फोटोहरू | ३) परिकारहरू सबभन्दा बढी सङ्ख्या हुने भोज कुन हो? किन? | |
| | ४) झ्व भ्वय्मा परिकार (ब्वःघासा) को क्रमबद्ध प्रयोग सम्बन्धी छलफल गर्न । | ४) झ्व भ्वय्मा प्रयोग गरिने परिकारहरूलाई विभिन्न समूहमा विभाजन गरी आफ्नो आफ्नो जातिगत नियमानुसार प्रयोग प्रक्रियाको वर्णन | ४) तपाईंहरूले लप्ते (लपेस) भ्वय् (झ्व भ्वय्) खाँदा सुरूमा, बीचमा र अन्तमा के के परिकारहरू राख्न ल्याएको हो, याद गरी भन्नुहोस् । सबैको विचार सुनिसकेपछि परिकार प्रयोगको नियमलाई निम्न तरिकाबाट व्याख्या गरी दिनुहोस् ।<br>- भोजमा परिकारहरू राख्न लग्ने क्रमबद्धताको नियम सम्प्रदाय पिच्छे (जाति पिच्छे) फरक फरक हुन सक्छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उदाहरणको रूपमा भक्तपुरका शाक्य र बज्राचार्यहरूको परिकार प्रयोगको नियम प्रस्तुत छ :<br>- भोजमा खुवाउने परिकार सङ्ख्यालाई ३ वा ४ समूहमा विभाजन गरी प्रयोग गरेको हुन्छः<br>क) न्हापांगु सरा (पहिलो पटक राख्न लग्ने समूहमा):<br>१) बजी २) बुब (गेडागुडी) ३) मासु ४) लेचना (मुलाको चना) ५) फर्सी<br>ख) निसरा (दोस्रो पटकको समूहमा) १) हाँसको मासु २) गेडागुडी ३) गोल भेडा अचार<br>४) खसीको कवाफ (भएमा)<br>ग) स्वसरा (तेस्रो पटकको समूहमा) १) मेथीगेडा २) च्याउ ३) छाँ (तामा) ४) भुटन<br>घ) प्यसरा (चौथो पटकको समूहमा)<br>१) तरकारी २) पँक्वा ३) दही ४) फलफूल<br>ङ) लिपांगु सरा (सबभन्दा पछिका समूहमा)<br>- विद्यार्थीहरूलाई आफ्नो आफ्नो घरमा अभिभावकसँग सोधी पहिलो समूहमा, दोस्रो समूहमा, तेस्रो समूहमा परिकारहरू प्रयोग गर्ने गरेको नियमानुसार लेखेर ल्याउने गृहकार्य दिनुहोस् । सो लेखेर ल्याएकोलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्ने । | लहिकाले परिकार राखिएका फोटोहरू | ४) लहिका र भारीको अर्थ लेख्नुहोस् । | |
| | ५) भ्व भ्वय्को मौलिकता महत्त्व र फाइदा सम्बन्धी वर्णन गर्न । | ५) भ्व भ्वय्को मौलिक परम्परा भन्नु नै :<br>- लस्करै (लाइनबद्ध भै जेष्ठताको क्रममा बस्नु । | ५) परम्परागत भ्व भ्वय् र पार्टी प्यालेसमा हुने बफे डिनर (भ्वे) को निम्न लिखित बुँदाहरूमा तुलना गर्न बुँदाहरू बोर्डमा लेखी यसमा लेख्नुपर्ने कुराहरू (तथ्यहरू) स्पष्ट गरिदिनुहोस् । यस लेखाई प्रयोजन कार्य (Project work) को रूपमा लेख्न लगाउनुहोस् । | | ५) भ्व भ्वय्का फाइदाहरू लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - सबैप्रति समान व्यवहार गर्नु/पाउनु ।<br>- भोजमा सितनको क्रमबद्ध नियमानुसार प्रयोग गर्नु ।<br>- अनुशासित र मर्यादित वातावरणमा भोज सञ्चालन हुनु । | नबुझ्केका कुराहरू आफ्नो जातिले गर्दै आएको प्रचलनलाई परिवारसँग सोधी लेख्दा राम्रो हुन्छ यस प्रयोजनकार्यलाई ४ पूर्णाङ्कको आधारमा मूल्याङ्कन गर्नुहोला ।<br>दिइएका क देखि ञ सम्मका बुँदाहरूको आधारमा प्रयोजनकार्य लेख्न लगाउनु होला ।<br>क) झ्व भ्वय् र बफे डिनरको अर्थ (धारणा)<br>ख) दुबैमा बसाइ व्यवस्थापन कस्तो छ ?<br>ग) आफूलाई मनपर्ने परिकारहरू आफै लिनजान पाइने नपाइने ?<br>घ) आफूलाई मनपर्ने पेय कुराहरू आर्फै लिनजान पाइने नपाइने ?<br>ङ) दुवैमा सितन राख्न आउने स्वयम् सेवकहरू (लहिका/भारी) को व्यवस्था भएको नभएको ?<br>च) कुन भोजमा नेवारको आफ्नोपन झल्किने के कस्तो क्रियाकलापले देखाउँछ ?<br>छ) स्वस्थकर खाना र मितव्ययी खर्च कुन भोजमा देखिन्छ ? कसरी ?<br>ज) भोज खाँदा र परिकारहरूको व्यवस्थापनमा अनुशासित र मर्यादित व्यवहार कुन भोजमा देखिन्छ ? कसरी ?<br>झ) फेसन र गरगहनाको आडम्बर, मनोमानी खानपिन, चर्को स्वरमा गाना बजाना, मनोमानी नाचगान कुन भोजमा भएको देखिन्छ ? कसरी ?<br>ञ) कुन भोज हाम्रो समाजले छोड्दै गएको छ ? त्यसको अस्तित्व बचाई राख्न के के उपायहरू गर्नुपर्ला ? | लहिकाले सितन राखिएका फोटोहरू<br><br>पार्टी बफेका फोटोहरू | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६)<br>मर्यादाक्रमअनुसार बलिपूजाको स्यु वितरण गर्ने प्रक्रिया बताउन । | ६) देवाली पूजालगायत विभिन्न बलिपूजाको स्युलाई<br>- मर्यादित बसाइको आधारमा वितरण ।<br>- स्यु प्राप्त गर्नेले अहोभाग्य मानी विघ्न बाधा हटोस् र प्रगति गर्न सकोस् भनी कामनासहित ग्रहण गर्ने कार्य । | ६) स्यु (छ्यंस्यु) शब्दको अर्थ विद्यार्थीलाई के कति थाहा छ छलफल गरी निम्न लिखित तथ्यहरूको सहयोगबाट स्पष्ट जानकारी गराउनुहोस् ।<br>• स्यु (छ्यंस्यु) शब्द नेपालभाषाको शब्द हो । स्यु शब्द शिर शब्दसँग सम्बन्ध छ । देवाली पूजा भाकलपूजा, पञ्चबलिपूजालगायत विभिन्न पूजाहरूमा बलि दिएका बोका, राँगो, भेडा, कुखुरा र हाँसको टाउकोलाई महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ । बोकाको टाउकोका विभिन्न अङ्गहरूलाई आठ भागमा छुट्याई स्युको रूपमा घरका मान्यवरहरूलाई मर्यादाक्रमअनुसार घरको नकीले एक एक ओटा स्यु प्रदान गर्नुलाई 'स्यु लः ल्हाय्गु' भनिन्छ । यो नेवार जातिको विशेष परम्परा हो ।<br>• बलि दिएको बोकाको टाउकाको कुन कुन अङ्गहरू पर्ने गरी आठ भागमा बाँडिन्छ? विद्यार्थीको विचार सुनी स्युको आठ भागको चित्र लेखी देखाउनुहोस् ।<br>स्युका प्रकारहरू<br>१) दायाँ आँखा २) बायाँ आँखा ३) दायाँ कान ४) बायाँ कान ५) नाक (थुतुनो) ६) जिब्रो ७) दायाँ बङ्गारा ८) बायाँ बङ्गारा<br>- कुनै कुनै समुदायमा पुच्छरलाई पनि स्यु मानी नकीलाई दिने चलन छ ।<br><u>परियोजनाकार्य (Project Work)</u><br>परियोजना कार्यपत्र लेख्दा आवश्यकताअनुसार अभिभावक र छिमेकका प्रौढहरूसँग छलफल गरी लेख्न सक्नुहुन्छ ।<br>१) स्यु शब्द कुन भाषाबाट आएको हो ? यसको अर्थ वर्णन गर्नुहोस् । | | ६) स्यु बनाइने आठभागको नाम लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • २) कुन कुन भोजमा स्यु दिने प्रचलन छ ?<br>• स्यु दिने विभिन्न भोजहरूको नाम लेख्नुहोस् ।<br>• ३) बोकाको टाउकोलाई स्युमा बाँडफाँड गर्दा कति भागमा र के के अङ्ग पर्ने गरी बाँडफाँड गरिन्छ ? नाम र चित्रसहित लेख्नुहोस् ।<br>• ४) विद्यालयका शिक्षक शिक्षिकाहरूसँग छलफल गरी स्यु दिने चलन कुन कुन जातिमा छ पत्ता लगाई लेख्नुहोस् ।<br>• ५) आजको सन्दर्भमा यस प्रचलनलाई कायम राख्नु पर्छ कि पर्दैन ? कारण दिनुहोस् । | | विद्यार्थीहरूले बुझाएका परियोजना प्रतिवेदनलाई ४ अङ्कभारको आधारमा मूल्याङ्कन गरी सो प्रतिवेदनबाट पछि हुने मौखिक परीक्षामा सोध्न प्रश्नहरूको व्यवस्था गर्नुहोस् । | |
| | ७) भ्वय्सँग सम्बन्धित मौलिक शब्दावलीहरूको अर्थसहित उल्लेख गर्न । | ७) भ्वय्सँग सम्बन्धित शब्दावलीहरूः<br>• - निमन्त्रणा कार्डसँग सम्बन्धित शब्दहरू<br>• परिकार (ब्वघासा) सँग सम्बन्धित शब्दहरू<br>• - भोजमा सहयोगी कार्यकर्ताहरूसँग सम्बन्धित शब्दहरू | ७) निमन्त्रणा कार्डमा प्रयोग गरिने मौलिक शब्दावली :<br>भोछी, माचाछी, म्हंछी, लहिका, पाहाँ, ब्वंम्ह- बोर्डमा लेखी अर्थसहित बताई दिनुहोस् । उपलब्ध भए निमन्त्रणा कार्ड नै देखाई दिनुहोस् ।<br>- परिकार (ब्वघासा) सँग सम्बन्धित शब्दावली जस्तो किः क्वाका/ब्वघासा/बुब/नलुचा/छकोला (तःकोला) सियाकाला (भुटन), स्यु, सिसापुसा, कलावाय्गु, नसला, लहिका बा, न्हापाँगु सरा, नं स्वय्गु । आदि<br>बोर्डमा लेखी अर्थ बताइदिनुहोस् ।<br>- भोजमा सहयोगी कार्यकर्तासँग सम्बन्धित शब्दावलीः लहिका, भारी,क नकिं, बोर्डमा लेखी अर्थ बताइदिनुहोस् । | ७) म्हंछी, माचाछी, लहिका, लहिका बा, ब्वघासा शब्दहरूको अर्थ लेख्नुहोस् । | | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ५. प्रचलित स्थानीय संस्कारहरूः<br>क) जन्मदिन (दिवस) | १) जन्मेर २ वर्षबाट जन्मदिन मनाउने सुरू गर्ने र दुई, चार, छ, आठ, दश र बाह्र (जोर) वर्षसम्म योमरीको माला लगाई जन्मदिन मनाउने परम्पराको व्याख्या गर्न ।<br><br>२) जन्मदिन मनाउनुअघि चिना देखाई र कसै कसैले रूद्री लगाई दशा र भय हटोस् भनी पूजाआजा गरी जन्मदिन मनाउनेहरू पनि हुन्छन् भनी व्याख्या गर्न ।<br><br>३) जन्मदिनमा पूजाआजा दान गर्नाले ग्रहदशा शान्त हुन गई दशा पन्छेर जाने सामाजिक मान्यता बताउन । | १) जन्मदिनको अवधारणा ।<br>क) जन्मदिन गर्न सुरू गर्ने उमेर २ वर्षबाट १२ वर्षसम्म जोर वर्षमा योमरीको माला लगाई जन्मदिन मनाउने हाम्रो परम्परा ।<br><br>२) कसै कसैले जन्मदिन गर्नुअघि चिनो देखाई र कसै कसैले जन्मदिन गर्दा रूद्री लगाई दशा र भय हटाउन पूजाआजा र दान गर्ने सामाजिक मान्यता ।<br><br>३) जन्मदिन मनाउँदा ग्रह दशा हटाउन सम्बन्धित देवी देवतालाई पूजाआजा गरी सगुन लिई र दही चिउरा दान गर्ने चलन । | १) जन्मदिन मनाउने चलनमा जातिगत भिन्नता हुन सक्ने हुँदा कक्षामा भएका प्रत्येक जातिबाट प्रतिनिधित्व हुने गरी विद्यार्थीहरू छनौट गरी प्रश्नहरू सोधी छलफल गर्ने ।<br>• विद्यार्थीहरूसँग उमेर सोध्दै तपाईँको जन्मदिनमा के उपहार पाउनुभयो ? सगुन दियो, दिएन, केक काट्यो वा काटेन, कोणवाला टोपी लगायो वा लगाएन आदि प्रश्न सोध्दै अन्तरक्रिया गर्ने ।<br>• जन्मदिन मनाउने शुरूको उमेर, जन्मदिन मनाउने परम्पराबारे व्याख्या गर्ने ।<br>२) जन्मदिनको केही दिन अगाडि ज्योतिष कहाँ चिनो देखाउने कुरा, तयारी सम्बन्धमा परिवारमा कुराकानी गरिएको सुन्नुभएको छ भने ती सुनेको कुरा कक्षामा बताउन लगाउने र कसै कसले चिनो देखाई रूद्री लाउने चलनको व्याख्या गरिदिने ।<br>३) जन्मदिन मनाउने दिन घरमा के कस्तो तयारी गरेको र तपाईँलाई के कसो तयारी गराइयो पालैपालो भन्न लगाई बोर्डमा टिप्दै जाने । परम्परागत जन्मदिनबारे शिक्षक/शिक्षिकाहरूले आफ्नो अनुभव सुनाउने । | जन्मदिन मनाइरहेको तस्बिर | १) कक्षामा सहभागिता र प्रस्तुतीकरणको आधारमा मूल्याङ्कन गर्ने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४) परम्परागत जन्मदिन मनाउने तरिकाको वर्णन गर्न र हाल मिसिन आएको Happy birth day को व्याख्या गर्न । | | ४) जन्मदिनमा कुन कुन देवी देवताको पूजा गर्ने र कुन कुन देवी देवताको पूजा गर्ने भनी सोध्दै बोर्डमा लेख्दै जाने ।<br>• तपाईँको जन्मदिन गर्दा कसरी, कसले, कहाँ बसाई के के गरी सन्पन्न भयो ? लेख्न लगाई कक्षामा प्रस्तुत गराउने ।<br>• तपाईँलाई सगुन दिएको बेला बलेको सुकुन्दालाई फू गरेर किन निभाउन लगाइएन ?<br>उत्तरकापीमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्ने ।<br>• हाल आएर हाम्रो परम्परागत चलनअनुसार चोख्याउन लिपपोट गरी, पूर्व वा उत्तर मुख पर्ने गरी बसाई, आफ्नो पूजनीय आमा/भाउजूबाट दही, अण्डा, माछाको सगुन लिई दीर्घायु कामना गर्ने परम्परामा ऱ्हास हुँदै छ । केकमा बलेको मैन बत्ती निभाई, केक काटेर जुठो केक खाने खुवाउने विदेशी चलन देखापरेको छ ।<br>• सगुनको कामपछि तपाईँको आफन्तले (बजै, आमा, भाउजु, दिदी) घरको मूलढोकामा उभिएर टोलका बालबालिकाहरूलाई दहीच्यूरा लिन आउनु (धौ बजी कावा) भनी डाकी दहीच्यूरा, फलफूल, तिलको लड्डु, ल्वचामरी, पैसा तपाईँको नाममा दान दिएको देखे नदेखेको सम्बन्धमा शिक्षक शिक्षिकाले आफ्नो अनुभवको आधारमा धौ बजी दान सम्बन्धी स्पष्ट व्याख्या गरिदिने । | जन्मदिन मनाइरहेको तस्बिरको व्यवस्था | २) परम्परागत जन्मदिन मनाउँदा सुकुन्दाको बत्ती निभाउन लगाइँदैन किन ? आफ्नो विचार लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५) हाम्रो परम्परागत जन्मदिन मनाउने संस्कृति र भित्रिएको विदेशी संस्कृतिको स्पष्ट जानकारी गर्न । | | ५) कक्षामा विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी "जन्मदिन मनाउने संस्कृति मनपर्छ कि Happy Birthday संस्कृति मनपर्छ भनी छलफल गर्न लगाउने, छलफलपछि शिक्षकले सार कुरा राखिदिने ।<br>• सबैलाई आफ्नो आफ्नो संस्कृति र संस्कार राम्रो लाग्नु स्वाभाविक हो । हाम्रो परम्परागत संस्कृति र संस्कारअनुसार जन्मदिन मनाउँदा नुहाई धुवाई, लिपपोट गरी देवीदेवतालाई पूजाआजा गरी पूर्व वा उत्तर मुख गरी बसाई सगुन दिइन्छ । माला लगाई, टीको लगाई, फुल, माछा, दही, रक्सी आदि सगुनको रूपमा दिइन्छ । यस कार्यलाई लक्षण र शुभकार्य मानिन्छ । बत्ती निभाउने, जुठोखाने र कागजको कोण टोपी लगाएर विदेशी भाका भकाउनु हाम्रो संस्कृति होइन । यस्तै पैंचो लिएको संस्कृतिले हाम्रो मौलिक संस्कृतिलाई लोप गराउँछ । विदेशी संस्कृति र संस्कार अपनाउँदा हाम्रो पैसा पनि विदेसिन्छ । बुद्धिमानी भनेको आफ्नो संस्कृति र संस्कार जोगाई राख्न, आफ्नो पहिचान बचाई राख्न, आफ्नो संस्कृति र संस्कार अनुरूप चल्नु हो । | | ३) समूहगत प्रस्तुति आधारमा मूल्याङ्कन गर्ने<br><br>४) हाम्रो आफ्नो संस्कृतिलाई किन जोगाउनुपर्छ ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ख) दिगु पूजा (देवाली) | १) दिगु पूजाको धारणा स्पष्टसँग बताउन । | • कुल पूजाको अर्थ<br>• कुल परम्पराको अर्थ<br>• पारिवारिक मेलमिलाप<br>• गराउने महत्त्वपूर्ण संस्कार हो दिगु पूजा । | १) तपाईँहरू कसले कसले दिगु पूजा मनाउनुहुन्छ ?<br>• दिगु पूजा मनाउनेहरूलाई आफ्नो अनुभवको आधारमा दिगु पूजाको अर्थ/धारणा भन्न लगाउने । सबै विद्यार्थीहरूको उत्तर सुनिसकेपछि दिगु पूजाको अर्थ/धारणा यसरी व्याख्या गरिदिनुहोस् :<br>• "आफ्नो आफ्नो कुल धर्म, कुल संस्कृति र कुल परम्परालाई जीवन्त राख्न, सचेतनाको विकासको लागि गरिने कुल पूजालाई दिगु पूजा (देवाली पूजा) भनिन्छ"<br>• "कसै कसैले दिगु पूजालाई पुर्खाले अनेक दुःख झेली सञ्चालन गर्दै आएको कुल परम्पराको रीतिरिवाज चालचलनको चीरस्थायी बनाउन गरिने पूजाको रूपमा लिएका छन् ।"<br>• "आफ्नो आफ्नो कुल परिवारबीच मेलमिलाप समझदारीको पूजाको रूपमा देवाली पूजालाई लिइएको छ"<br>• - दिगु पूजा शब्दलाई अप्रभंश भई "देपूजा, दिउपूजा, दुगुपूजा" भन्ने गरेको कुरा लेखेर स्पष्ट पारिदिने | दिगु पूजाको चित्र | १) तपाईँको अभिभावकले दिगु पूजालाई कुन अर्थमा लिने गरेका छन्? सोधेर लेखेर ल्याउने काम दिनुहोस् । | ५ |
| | २) तपाईँहरूको दिगु द्यः कुन ठाउँमा छ र दिगु द्यः पूजा गर्न को को जानुहुन्छ बताउन । | • दिगु द्यः स्थापना स्थलहरू<br>• दिगु पूजामा सहभागी हुनेहरू<br>• दिगु द्यलाई मनपर्ने फूल मुस्वां, धंचा स्वां | २) दिगु पूजामा पूजा गर्न को को जानुहुन्छ ? तपाईँहरूको दिगु द्यः कुन ठाउँमा छ ?<br>कक्षामा यी प्रश्न राखी अन्तरक्रिया गरिसकेपछि छोटकरीमा व्याख्या गरिदिनुहोस् :- "दिगु पूजा परिवारहरू सबै भेला भएर गरिने कुलपूजा हो । दिगु पूजा सबै परिवार (भिन्न बसिकेका काका काकीहरू, दाजुभाइहरू) समेत मिलेर गरिने पूजा हो ।<br>• पुर्खाहरूको वासस्थानको स्मरणमा धेरैजसोको दुगु द्यःको स्थापना हालको बस्तीभन्दा बाहिर पोखरी वरिपरि, पीठहरूको आसपास र कसैको जङ्गलतिर त कसैको खुलाचौरमा गरेको पाइन्छ । | दिगु द्यः भएको ठाउँको फोटो | २) धेरै जसोको दिगु द्यः किन हालको शहर बाहिर भएको हुन्छ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३) धेरै जसोको दिगु द्यः शहरबाहिर स्थापना हुनुको आधार (कारण) बताउन । | • प्राचीन नेवारहरूको बस्ती शहरबाहिर<br>• शहरको निर्माण<br>• प्राचीन बस्तीस्थलको सम्झनामा दिगु द्यः बाहिर स्थापना | ३) हाल तपाईँको टोलमा विभिन्न देवीदेवताहरू देखिन्छन् र दिगु द्यः (देवाली देवता) पाईँदैन किन होला?<br>• एक छिन छलफल गर्नुहोस् तर यसको सही उत्तर विद्यार्थीबाट आउन गाह्रो हुन सक्छ । त्यसैले यसको उत्तर अभिभावकसँग सोधेर लेखेर ल्याउने काम दिनुहोस् र लेखेर ल्याएकोलाई कक्षामा सुनाउन लगाउनुहोस् । तपाईँले निम्न तथ्यलाई समेटी व्याख्या गरिदिनुहोस् ।<br>• भक्तपुर शहर आज जे जस्तो शहर बने त्यति शहर बसाल्न पुर्खालाई धेरै दुःख मिहिनेत गर्नु परेको सुनिन्छ । हालको शहरको बस्ती बन्नु पहिले धेरै जसो नेवारहरू बाहिर बाहिर छरिएर बसेको बुझिन्छ समाज शास्त्रीहरूको भनाइअनुसार पनि त्यही पहिलेको बासस्थानतिर दिगु द्यः स्थापना गर्नाले पनि धेरै जसोको दिगु द्यः बाहिर बाहिर पर्न गएको बुझिन्छ समाजशास्त्रीहरूको अनुमानअनुसार दिगु द्यः बस्ती बाहिर हुनुको कारण यो पनि हुन सक्छ । | भक्तपुर शहरको तस्बिर | ३) धेरै जसोको दिगु द्यः शहरभन्दा बाहिर हुन गएको कारण लेख्न लगाउनुहोस् । | |
| | ४) पुर्खाले दिगुपूजा मनाउन जोड दिनुको कारणको वर्णन गर्न । | दिगुपूजा मनाउन जोड दिनुको कारण :<br>• कूल परम्परालाई जोगाउन<br>• कूलको परम्पराको कारण आफ्नो पहिचान हुने हुँदा<br>• पारिवारिक मेलमिलाप बढाउन<br>• पारिवारिक एकता बचाउन | ४) हामीले दिगु पूजा किन मनाउनु पर्ने?<br>यस प्रश्न बोर्डमा लेखी उत्तर विद्यार्थीलाई लेख्न लगाउनुहोस् । सबैको उत्तर कक्षामा सुनाउन लगाई निम्न तीन बुदाँहरू बोर्डमा लेखी बुझाउनुहोस् ।<br>• परम्परादेखि पुर्खाले सञ्चालन गर्दै आएका कुलाचार जस्ले आफ्नो आफ्नो पहिचान झल्काउने परम्परालाई निरन्तरता देओस् भनेर ।<br>• परिवारमा पारिवारिक सम्बन्ध राम्रो होस् भनेर ।<br>• कुल परम्पराको अस्तित्व जोगाई कुल घरानाको मान सम्मानमा कमी नआओस् भनेर । | | | |
| | ५) दिगु पूजा मनाउने तिथि बताउन | | ५) तपाईँहरूको दिगुपूजा मनाउने तिथि र महिना कहिले हो ? | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • दिगुपूजा मनाउने फरक फरक दिनः<br>• धेरैले मनाउने दिंः अक्षय तृतीया, तःदिन र सिथिनखः | • विद्यार्थीको उत्तर बोर्डमा लेख्दै जानुहोस् ।<br>• बोर्डमा लेखी तिथिमिति बताइदिनुहोस् जस्तो कि "वैशाख शुल्क पक्ष वछलाथ्व पारू अर्थात् पाटनमा श्री मत्स्येन्द्रनाथ रथारोहण (बुंगद्यः रथमा विराजमान) गर्ने दिनबाट दिगुपूजा सुरूभै सिथिनखसम्म भक्तपुरबासीले दिगुपूजा मनाउने गर्दछन् ।<br>• दिगुपूजा धेरैले मनाउने दिन भनेको अक्षय तृतीया र तःदिनमा हो । आइतबार र बिहीबारलाई दिगुपूजा गर्ने उपयुक्त दिनको रूपमा लिइन्छ । | | | |
| | ६) कुन देवी देवतालाई दिगु द्यः मानी पूजा गर्ने र दिगु द्यःको स्वरूपबारे वर्णन गर्न । | दिगु द्यः जाति अनुसार फरक फरक देवी देवताहरूलाई मान्दछन् । | ६) तपाईंहरूको दिगु द्यःको आकार स्वरूप कस्तो छ र कुन देवी देवतालाई दिगु द्यः मानेर पूजा गर्नुहुन्छ ?<br>• यस प्रश्नको उत्तर घरमूलीसँग सोधी लेखेर ल्याएको उत्तरलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् । छलफलपछि यी तथ्यहरू समेटी व्याख्या गरिदिनुहोस् : "जाति पिच्छे फरक फरक देवी देवतालाई दिगु द्यः मानी पूजा गर्ने गरिन्छ । कसै कसैले सूर्यविनायकलाई कसै कसैले कमल विनायकलाई, शाक्यहरूको जोगांवर दिगु द्यः रहेको छ ।<br>• धेरै जसोको दिगु द्यःको मूर्ति स्पष्ट आकारको देखिँदैन । धेरै जसोले गोलो आकारको ढुङ्गालाई कतै दुईओटा, कतै तीनओटा, कतै पाँचओटा दिगु द्यःको रूपमा स्थापना गरिराखेको पनि देखिन्छ ।<br>• कसै कसैको दिगु द्यः घरको मूल ढोकाअगाडि स्थापना गरिएको पिखालाखुको देवताको जस्तो आकारको फूल बुट्टा बनाई राखेको देवता पनि देखिन्छ ।<br>• कसै कसैको दिगु द्यःको मन्दिर नै बनाई राखे पनि दिगु द्यःको मूर्ति कसैको स्पष्ट आकारको देखिन्छ भने कसैको स्पष्ट आकारको छैन । | कसैको पनि दिगु द्यःको तस्बिर देखाइदिनुहोस् । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७) देवाली पूजालाई बोका, हाँस बलि पूजा भन्नु र देवाली भोजलाई स्युकाय् भ्वय् भन्नुको अर्थ वर्णन गर्न | - बलिपूजा<br>- स्यु<br>- स्युका भागहरू<br>- स्यकाभ्वय्<br>- कसै कसैले बलि नचढाई हाँसको फुलमात्र प्रयोग गर्ने | ७) देवाली पूजाको भोजलाई "स्यु काय् भ्वय्" पनि भनिन्छ किन होला?<br>• यस प्रश्नको उत्तर घरको मूलीसँग सोधेर उत्तर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।<br>• विद्यार्थीले लेखेर ल्याएको उत्तर कक्षामा सुनाउन लगाई छलफल गर्नुहोस् । छलफलपछि छोटकरीमा प्रश्नको उत्तर बताइदिनुहोस् :<br>"कसै कसैले दिगुपूजामा बोका वा हाँस बलि दिन्छन् । भोज खाँदा बलि चढाएका बोका वा हाँसको टाउकोलाई 'स्यु' प्रसादको रूपमा जेठो उमेरका मानिसहरूलाई स्यु दिने भोज भएकोले स्यु कायाभ्वय् भनिएको हो । बोकाको टाउकोलाई आठभागमा विभाजन गरी आठ स्यु जस्तो १) दायाँ र बायाँ सिङ (आँखासमेत पर्ने गरी) २ भाग २) दायाँ र बायाँ कान - २ भाग ३) नाक - १ भाग ४) जिब्रो १ भाग ५) दायाँ र बायाँ बङ्गारा - २ भाग बनाउँछन् ।<br>• कुनै कुनै जातमा पुच्छरलाई पनि १ भाग स्यु मानी घरको नकीलाई दिइने चलन छ ।<br>• हाँसमात्र बलि चढाएमा हाँसको टाउको घरको मुलीलाई स्यु प्रसाद दिइन्छ ।<br>• बौद्धमार्गीहरूको देवाली पूजामा बलि दिने चलन छैन । | बोकाको टाउकोलाई आठ भागमा विभाजन गर्दा देखिने विभिन्न भागको चित्र कार्डबोर्डमा बनाई प्रस्तुत गर्नुहोस्<br><br>बेलविवाह गर्दाको तस्बिर | | |
| | ८) नेवार समुदायमा दिगु द्यको महत्त्व सम्बन्धी वर्णन गर्न । | • दिगु द्यःलाई पनि पूजा गर्ने मुख्य कार्यक्रमः ब्रतवन्ध, बेलविवाह गुफा राख्दा, विवाह स्वयंम्वरको बेला | ८) दिगु द्यः लाई पनि पूजा कुन कुन संस्कारजन्य कार्यक्रममा, सांस्कृतिक पर्वमा, उत्सवजन्य कार्यक्रममा गर्नु हुन्छ ? यस प्रश्नका शब्दहरूको अर्थ स्पष्ट गरी छलफल गर्नुहोस् ।<br>निम्न लिखित बुँदाहरू समेट्ने गरी छोटकरीमा व्याख्या गरी दिनुहोस् :<br>• ब्रतबन्ध, बेलविवाह र गुफा राख्दा पनि दिगु द्यःलाई पनि पूजा गरिन्छ ।<br>• छोरा, नातिको स्वयंवर (ह्वंकेगु)को बेलामा पनि बुहारीको हातबाट दिगु द्यःलाई सुपारी चढाएपछि मात्रै अन्य परिवारजनलाई सुपारी दिने (ग्वे सायगु) चलनलाई बुझाई दिनुहोस् । | स्वयंवरको बेला सुपारी दिइरहेको तस्बीर | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • देवाली पूजामा नयाँ बुहारीलाई स्वयंबरको बेला अर्पण गरिएको सुपारीसहित पानी छरी साँचो समात्न लगाई नकीले दिगु द्यः कहाँ भित्र्याउने चलनबारे बुझाइदिनुहोस् ।<br>• त्यस्तै बेलविवाह गरेको साल बेलविवाह गरेकी छोरी, नातिनीहरूलाई बेलविवाह गर्दा लगाइएको लुगा, गहना र सलापासहित पूजा गर्न लगाई भित्र्याउने चलनको व्याख्या गरिदिनुहोस् । | | ४) दिगु द्यःको सुरक्षाको लागि के गर्नु पर्ला? | |
| | ९) कसै कसैको दिगु द्यः स्थापना भएको जग्गा र दिगु द्यः हराएको कारण बताउन । | • दिगु द्य जग्गा र दिगु द्यः हराएको कारणः<br>• जग्गा बेचबिखनको लागि प्लटिङ्ग गर्दा<br>• विभिन्न किसिमको निर्माण कार्य गर्दा (बाटो) रिसोर्ट, ढल, कुलो खेलमैदान, उद्योग धन्दाको कारणले पनि दिगु द्यः हराउने धेरै छन् । | (९) (क) तपाईंको दिगु द्यः पहिले देखि एकै ठाउँमा छ कि सारिसक्नु भयो?<br>• दिगु द्यः सारिसकेका विद्यार्थीसँग मात्र सार्नुको कारण कक्षामा भन्न लगाउनुहोस् ।<br>• निम्न लिखित तथ्यको आधारलाई व्याख्या गरिदिनुहोस् । "धेरै जसोको दिगु द्यः शहर बाहिरतिर छरिएर रहेको पाइन्छ । अब आएर जग्गाको भाउ आकासिँदै जानु, विभिन्न किसिमको निर्माण कार्य (बाटो, रिसोर्ट, ढल, कुलो, खेलमैदान, उद्योग धन्दाको निर्माण) हुँदै जानु, हाम्रो हेरचाह हुन नसक्नुले पनि कतिपयको दिगु द्यः हराएको सुन्नमा आएको छ । निम्न प्रश्न बोर्डमा लेखिदिनुहोस् :<br>• हामीले मानिसलाई सही तरिकाले चिन्ने आधार के हो?<br>• किन मदनकृष्णको फोटो देखाउँदा हरिवंश भन्दैन?<br>• के देवी देवतालाई पनि उहाँको पहिरन, वाहन र समातिरहेको अस्त्रविना अनुहारको आधारमा चिन्न सकिन्छ?<br>• यी प्रश्नलाई लिएर कक्षामा छलफल गर्नुहोस् र विद्यार्थीहरूको विचार सुन्नुहोस् । निम्न लिखित तथ्यको आधारमा व्याख्या गरिदिनुहोस् ।<br>• बराबर भेटघाट र कुराकानी गर्ने मौका नहुँदा हामी देवी देवतालाई अनुहारको आधारमा चिन्न सक्तैनौं । देवी देवताको पहिचान भनेकै पहिरन, वाहन र समातिरहेको अस्त्रशस्त्रको आधारमा हो । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • "दिगु द्यः हराएका वा विभिन्न निर्माणले गर्दा हाल आएर असहज पारिस्थिति बनेको सम्बन्धमा डा. रोशन श्रेष्ठज्यूको 'दिगु पूजा छु ख ? छाय् दिगु पूजा याय्गु? फेसबुकमा दिनुभएको लेखको एउटा सानो अंश प्रस्तुत छ ।"<br>ङ) साँगाको शिवमूर्ति रिसोर्टमा को को घुम्न जानुभएको छ? उत्तर सुनिसकेपछि निम्न तथ्य व्याख्या गरिदिनुहोस् ।<br>• शिवमूर्ति राखेको साँगामा केही नेवारहरूको दिगु द्यः पनि पर्न गएको छ । सम्बन्धित निकायमा माग गर्दा पर्ती जग्गा भनिदिएको केहीको दिगु द्यः भएको नेवारहरूको सामूहिक जग्गा पर्न गएको छ । जग्गा पर्नेहरूलाई कतिलाई थाहा नै भएन । कतिले ध्यानै दिएन । रोक्न नजाँदा आजभोलि देवाली पूजा गर्न असहज परिस्थिति भै धेरै जसो जानै छोडेको सुनिन्छ । स्थानीय बोलवालाहरूले मुखमा बुजो लगाउनाले त्यो ठाउँमा कसैलाई बाधा पर्दैन शिवमूर्ति राखे हुन्छ भनी हौसला दिए । जग्गा प्राप्त गर्न आप्रवासी मारवादीले शिवको अनुहारको रूपमा आफ्नो बाबुको अनुहार मिल्ने गरी बनाउन लगाई शिवको मूर्ति स्थापना गरे ।<br>• बिस्तारै शिवमूर्ति निर्माण स्थलसँसँगै धेरै जग्गा किनी रिसोर्ट निर्माण गरी व्यापार केन्द्रको रूपमा विकास गर्न सफल भएको लेखमा उल्लेख छ । | | | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ग) मूर्त र अर्मूत सांस्कृतिक सम्पदा | १) मूर्त सांस्कृतिक सम्पदा शब्दको अर्थ र अर्मूत सांस्कृतिक सम्पदाको अर्थ बताउन । | १) मूर्त र अर्मूत सांस्कृतिक सम्पदाहरू शब्दको अर्थ र<br>- भिन्नता | १) के कस्तोलाई मूर्त सांस्कृतिक सम्पदा भनिन्छ? उदाहरणसहित आफ्नो विचार लेख्नुहोस् ।<br>• सबैले लेखेको उत्तरलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् ।<br>• निम्न लिखित तथ्यहरू नछुट्ने गरी भौतिक व्याख्या गरिदिनुहोस् ।<br>"मूर्त शब्दले देखिने र छुन मिल्ने भन्ने अर्थ दिन्छ । सांस्कृतिक शब्दले जीवनसँग सम्बन्धित धारणा दिन्छ र सम्पदा भन्नाले देख्न छुन मिल्ने मन्दिर, विहार, घर, विभिन्न औजार, भाडावर्तन, शिलालेख आदिलाई जनाउँछ ।<br>क) अब मूर्त सांस्कृतिक सम्पदाको स्पष्ट अर्थ/परिभाषा तयार गर्नुहोस् ।<br>• विद्यार्थीहरूले तयार गरेको अर्थ/परिभाषालाई कक्षामा प्रस्तुत गर्न लगाई अन्तर्क्रिया गर्नुहोस् ।<br>• अन्तर्क्रियापछि निम्न लिखित तथ्यलाई स्पष्ट व्याख्या गरिदिनुहोस् : "निश्चित आकार प्रकार भएको हाम्रो इन्द्रियले देख्न सक्ने, जीवनसँग सम्बन्धित पहिलेदेखि प्रचलनमा आइरहेको भौतिक वस्तुबाट निर्मित मन्दिर, विहार, घर, पौवापाटी, डबली, भाडावर्तन, औजार, शिलालेख, पाण्डुलिपि, वाद्यवादन आदिलाई मूर्त सांस्कृतिक सम्पदा मानिएको छ ।<br>ख) तपाईँहरूको विचारमा अमूर्त सांस्कृतिक सम्पदाको पहिचान (अर्थ) कसरी गराउन सकिन्छ ? उदाहरणसहित लेख्नुहोस् ।<br>• सबैले लेखेको उत्तरलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गरी निम्न लिखित विषय वस्तु नछुट्ने गरी वर्णन गरी स्पष्ट गरिदिनुहोस् । | - अर्थलाई कार्डबोर्ड पेपर<br>- मूर्त र अमूर्तको चित्रहरू | | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | - "अर्मूत सांस्कृतिक सम्पदा" भन्नाले भौतिक वस्तुबाट निर्मित सम्पदा जस्तो नदेखिने र छाम्न नमिल्ने, मानिसका बुद्धि, विवेक, सोच, संस्कार, योजना, रीतिरिवाज, चालचलन, बौद्धिक सीप, परम्परा, धर्म, भाषा, साहित्य, गीत, सङ्गीत आदि हुन् । वास्तवमा मूर्त सांस्कृतिक सम्पदाको विकास पूर्णरूपमा अमूर्त सांस्कृतिक सम्पदामा आधारित हुन्छ । (जति जति अमूत सांस्कृतिक सम्पदाको विकास हुन्छ त्यति त्यति नै मूर्त सांस्कृतिक सम्पदाको विकास हुन्छ ।)<br>ग) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको विकासको आधार के हुन सक्छ ?<br>- यस प्रश्नमा छलफल गर्नुहोस् र आधार लेख्न लगाउनुहोस् ।<br>- छलफलमा सही आधारका बुँदाहरू नआएमा छोटकरीमा यी आधारको व्याख्या गरिदिनुहोस्ः<br>• बालबालिकालाई स्तरीय र व्यावहारिक शिक्षा दिन सक्नु पारिवारिक, सामाजिक र राष्ट्रिय वातावरण राम्रो हुनु, जनमानसलाई स्वतन्त्र रूपमा रूचिअनुसारको ज्ञान सीप धारण प्राप्त गर्ने मौका हुनु, आफ्नो आफ्नो ज्ञान सीप धारणलाई प्रयोगमा ल्याउने अवसर र हौसला हुनु र जनमानसमा चेतना हुनु नै मूर्त र अर्मूत सम्पदाको विकासका आधार हुन । | | १) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाबीच देखापर्ने भिन्नतालाई बुँदागत रूपमा लेखेर ल्याउने गृहकार्य दिनुहोस् । | |
| | २) अमूर्त सांस्कृतिक सम्पदाप्रति युनेस्कोको धारण बताउन । | २) युनेस्कोको जानकारी<br>- युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा प्रतिको धारणा | • युनेस्को सम्बन्धी जानकारीको लागि छलफल गरी "अमूर्त सांस्कृतिक सम्पदा" प्रति युनेस्कोको धारणाकोबारे पेपरमा लेखी कक्षामा प्रस्तुत गरी स्पष्ट गरिदिनुहोस् । "देश, परम्परा वा जीवनशैलीसँग सम्बन्धित<br>• मौखिक परम्परा, (गीत, दाफाभजन, | युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदाको धारणालाई लेखेको फ्लास कार्ड । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्त्रोत्रपाठ, श्लोक धुन प्रवचन, मन्त्रध्वनि, लोक कथन, साहित्य आदि)<br>• प्रस्तुतीकला, (परम्परागत सांस्कृतिक नाच, नाटक बाजागाजा आदि)<br>• सामाजिक अभ्यास (सामाजिक परम्परा, जीवनशैली आदि)<br>• अनुष्ठान, (समाज र राष्ट्रको विभिन्न आयाममा विकासप्रति नागरिकको प्रतिबद्धता आदि)<br>जात्रा, पर्व, प्रकृति तथा ब्रह्माण्डसँग सम्बन्धित ज्ञान, सीप र अभ्यासको साथै परम्परागत कलापूर्ण र उत्पादनमूलक शिल्पकलालाई अमूर्त सांस्कृतिक सम्पदा मानिएको छ ।" | | | |
| | ३) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको उदाहरण सूची तयार गर्न । | ३) उदाहरणको माध्यमबाट मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको ज्ञान दिने विधि inductive method प्रयोग गर्नुहोस् । | ३) कक्षामा उपस्थित विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी एक समूहलाई "मूर्त सांस्कृतिक सम्पदा" र अर्को समूहलाई "अमूर्त सांस्कृतिक सम्पदा" को आफ्नो आफ्नो समूहमा छलफल गरी उदाहरण सूची तयार गर्न लगाउनुहोस् । सूची तयारी गरेपछि दुवै टोलीका नेताहरूलाई कक्षामा प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् । शिक्षक शिक्षिकाले निम्न लिखित उदाहरण सूची कार्डबोर्डमा लेखी प्रस्तुत गरी सुर्धान र थप्न मौका दिनुहोस् । :<br><u>मूर्त सांस्कृतिक सम्पदा</u><br>क) बहाः वही, विहार, गुम्बा, मठ मन्दिर, देवालय, शिवालय, मूर्ति चित्रहरू आदि<br>ख) पाटीपौवा, सतल, चोक डबली ढुङ्गेधारा, इनार, कुवा, दरबार, घर आदि<br>ग) हतियार, औजार, भाडावर्तन आदि<br>घ) पाण्डुलिपि, शिलालेख, अभिलेख ताम्रपत्र, भोजपत्र आदि | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्न । | ४) संरक्षण किन गर्नुपर्ने, कसरी गरिन्छ युनेस्कोको संरक्षणको लागि महत्त्वपूर्ण निर्देशन | ङ) स्थानीय उत्पादनसँग सम्बन्धित उपकरणहरू आदि ।<br><u>अमूर्त सांस्कृतिक सम्पदा</u><br>क) चाडपर्व र जात्रा आदि<br>ख) नाचगान बाजागाजा, सङ्गीत, सांस्कृतिक धुनका आधारहरू<br>ग) धार्मिक आस्था, विश्वास संस्कार र मान्यताहरू<br>घ) प्रचलित भाषाहरू<br>ङ) प्रचलित रीतिरिवाज र नियम कानुनहरू<br>च) शिल्प प्राविधिक ज्ञान सीप धारणाहरू<br>छ) कला सम्बन्धित ज्ञान, सीप धारणाहरू<br>ज) लोक साहित्य आदि<br>झ) पुरोहित, मान्यवर ज्योतिष, धामीझाकी वैद्य आदिको कार्यशैली र विश्वास<br>४) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र विकास किन गर्नुपर्दछ ?<br>- यस प्रश्नलाई बोर्डमा लेखी सबैलाई उत्तर लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । सबैको प्रस्तुतिपछि शिक्षक/शिक्षिकाले निम्न लिखित कुराहरू नछुट्ने गरी स्पष्ट रूपमा बुझाइदिने ।<br>- मूर्त सांस्कृतिक सम्पदाको निर्माणशैली र त्यसमा प्रतिस्थापित देवीदेवताबाट त्यस स्थानको बासिन्दाको मौलिक पहिचान झल्किन्छ । आजको विश्वव्यापीकरणका कारण आफ्नो मौलिक सम्पदा पनि अन्तर्राष्ट्रिय साझा सम्पत्ति बन्न गएको छ । यसबाट पर्यटक आकर्षणको केन्द्र पनि बन्न गएको छ । यसैले संरक्षण भैरहनु आवश्यक छ । संरक्षण भन्नासाथ सरसफाइ भैरहनु आवश्यकताअनुसार तुरून्तै मर्मत गर्नु र | | २) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणबाट देशलाई के फाइदा हुन्छ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४) अमूर्त सांस्कृतिक सम्पदाले मूर्त सांस्कृतिक सम्पदाको विकासमा अहम् भूमिका खेल्छ भनी वर्णन गर्न । | ४) अमूर्त सांस्कृतिक सम्पदाको महत्त्व र भूमिका | पहिलो पिँढीलाई चेतना जगाई अपनत्वको भावनाको विकास गर्नु हो ।<br>- मूर्त अमूर्त सबै सम्पदाहरू संरक्षणबिना हराएर जान्छ । कुनै पनि सम्पदा जीवनपयोगी भएमा दिनहुँ सम्पर्कमा आइरहने हुँदा निरन्तर हेरचाहमा ध्यान पुगी लामो समयसम्म सुरक्षित भैरहने हुन्छ । युनेस्कोले सांस्कृतिक सम्पदा संरक्षणमा आफ्ना १९३ सदस्य राष्ट्रहरूलाई प्रभावकारी संरक्षणको लागि आवश्यक निर्देशन उपाय र सहयोगको व्यवस्थाले संरक्षण प्रभावकारी ढङ्गले भैरहेको देखिन्छ । अब आएर आफ्नो आफ्नो मौलिक सांस्कृतिक सम्पदा पर्यटकहरूको आकर्षणको केन्द्र बन्न गई पर्यटकबाट आयस्रोत बढ्न जानाले संरक्षणमा विशेष ध्यान पुगेको देखिन्छ ।<br>४) संसारमा जति पनि मूर्त सांस्कृतिक सम्पदाहरू निर्माण भएका छन् ती सबैको निर्माण आधारशीला अमूर्त सांस्कृतिक सम्पदालाई मान्नुपर्दछ । कुनै पनि देशका विभिन्न समुदायहरूमा आफ्नै किसिमको विशेषज्ञता (खुवी) भएका जनशक्ति भएकै हुन्छन् । यस्तै विभिन्न विशेषज्ञताहरूको संयुक्त प्रयासबाट मूर्त सम्पदाको निर्माण हुने गर्दछ । उदाहरणको रूपमा "भक्तपुरको पाँच तले मन्दिर (मूर्त सांस्कृतिक सम्पदा) कसरी निर्माण गरियो होला?<br>क) पहुँचवाल व्यक्तिले निर्माण प्रस्ताव राखे होला ।<br>ख) कत्रो बनाउने, कस्तो बनाउने, कुन ठाउँमा बनाउने भन्ने सम्बन्धमा धेरै विचार विमर्श गरी निर्णय लिए होला ।<br>ग) सल्लाहको आधारमा सक्नेले नमुना | | ३) एउटा सानो मन्दिर निर्माण गर्नुपरेमा भएका अमूर्त सांस्कृतिक पक्षहरू के के हुन सक्छन् लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तयार गरे होला ।<br>घ) कसै कसैले आवश्यक सामग्रीको योजना, जनशक्तिको योजना, आर्थिक योजना आदि आफ्नो आफ्नो खुबीअनुसार बनाए होला ।<br>ङ) सबै कुराको व्यवस्था मिलाई पूजाआजा गरी निर्माण शुरू गरे होला आदि ।<br>यी उदाहरणमा प्रस्तुत गरे जस्तै कुनै पनि मूर्त सांस्कृतिक सम्पदा निर्माण गर्न समाजमा भएका आ-आफ्नै विशेषज्ञ जनशक्तिको सिर्जनशील भावना, चिन्तनमनन्, सरसल्लाह योजना, लगानी, आफ्नो संस्कृति र पहिचान देखाउन, आफ्नो सीप र कलाको प्रदर्शन गर्ने बहुमुखी प्रक्रियालाई "अमूर्त सांस्कृतिक सम्पदा" भनिन्छ । जसलाई समुदाय वा राष्ट्रले विकास गर्ने वातावरण बनाई र संरक्षण गर्न सक्नुपर्दछ । कारण अमूर्त सांस्कृतिक सम्पदाको महत्त्वपूर्ण पक्ष भन्नुनै यो आफैमा सांस्कृतिक अभिव्यक्ति हुँदा यसलाई विभिन्न पुस्तामा हस्तान्तरण गरी संरक्षण र विकास गर्ने चेतना जगाउन सक्नुपर्दछ । | | | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ६) स्थानीय बोलीचाली र लिपि | क) स्थानीय बोलीचालीमा महिना, पूर्णिमा, चतुर्दशी तिथिका नामहरूको सूची तयार गर्न | १. महिना :<br>चौला, बछला, तछला दिल्ला, गुँला, ञला, कौला, कछला, थिल्ला, पोहेंला, शिल्ला, चिल्ला (गाःथ्व) चौला गाः चौला थ्व आदि<br><br>२ पूर्णिमा :<br>चासःपुन्ही, स्वाँया पुन्ही, ज्याःपुन्ही, दिल्ला पुन्ही, गुन्ही पुन्ही, यँया पुन्ही, अनला पुन्ही, कति पुन्ही, सकिमना पुन्ही, योमह्री पुन्ही, मिला पुन्ही, सि पुन्ही, होली पुन्ही<br><br>३) चन्हेहरू :<br>(औंसी अगाडिका चतुर्दशीहरू) मताती चन्हे, सिथी चन्हे, दिल्ला चन्हे, गथामुग चन्हे, जुग चन्हे, नलास्वाने चन्हे, अनला चन्हे, स्वन्ति चन्हे, बाला चन्हे, लै चन्हे, सिला चन्हे, पसा चन्हे | • विद्यार्थीहरूलाई समूहमा बाँड्ने प्रत्येक समूहलाई पुरानो अथवा हालको भित्ते पात्रोहरू दिने । ती पात्रोहरूमा उल्लेख भएका महिनाहरूको नाम कुन कुन भाषामा दिइएको छ त्यसको भाषागत रूपमा छुट्टाछुट्टै सूची तयार पार्न लगाउने ।<br>• अङ्ग्रेजी र नेपाली भाषामा बाहेक अरू कुन भाषामा चन्द्रमासअनुसार महिनाका नामहरू उल्लेख भएका छन् Highlight गर्न लगाउने ।<br>• चन्द्रमास र सूर्यमासबारे के फरक छ बताउने<br>• Highlight गरिएका महिनाका नामहरू कुन भाषा र जातिले प्रयोगमा ल्याएका छन् समूहमा छलफल गराउने ।<br>• ती Highlight गरिएका महिनाहरूमा उल्लेख भएका पुन्ही र चन्हेले कुन कुन दिन वा तिथिलाई जनाउँछ छलफल गरी प्रस्तुत गर्न लगाउने<br>• ती पुन्ही, चन्हेहरूमा स्थानीय जातजातिहरूले कुन कुन गतिविधि के कसरी गर्छन् वा मनाउँछन्, विशेष रीतिरिवाज, जात्रा, चाड पर्व ती दिनहरूमा अथवा तिथिहरूमा पर्छ या पर्दैन, कसरी मनाउँछन् आदि बारे छलफल गराउने । आवश्यक परे शिक्षकले सम्बन्धित विभिन्न सामग्री प्रयोग गरी प्रष्ट्याउने ।<br>• विद्यार्थीका घरका जेष्ठ नागरिक, आफन्त, घर छिमेक, घरबेटी बा-आमासँग ती पुन्ही-चन्हेमा गरिने क्रियाकलाप बुझेर तयार पारेको format (ढाँचा) अनुसार भरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• पुरानो भक्तपुर नगरको गल्ली, चोक, पाटी-पौवा, फल्चामा आराम लिई बसेका जेष्ठ नागरिकहरूसँग भालकुसारी गरी आवश्यक जानकारी प्राप्त गर्न तयार पारिएको तिथिमितिको format मा भरी ल्याउन समूहहरूलाई निर्देशन दिई पठाउने र कक्षामा प्रस्तुत गर्न लगाउने | • चलनचल्तीका भित्तेपात्रोहरू, स्मार्ट फोन (हाम्रो पात्रो एप), Flash Card<br>• तीन ओटै भाषामा तीन ओटै कोलोम बनाई महिना, पूर्णिमा र औंसी अगाडिका चतुर्दशीका नामहरूको सूची भएको तालिका वा चार्ट<br>• सान्दर्भिक video clips, poster, पुस्तिका र सहयोगी पुस्तक | • कुनै तीन ओटा विशेष तिथिबारे अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>• कुन कुन महिनाको कुन पुन्ही वा चन्हेमा के हुन्छ वर्णन गर्नुहोस् । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • स्थानीय बोलीचाली सम्बोधन गर्ने महिना, पूर्णिमा र चन्हेहरू उल्लेख भएको क्यालेण्डर तयार पार्न लगाउने | - चित्रात्मक चार्ट Dialogue Chart<br>- Video clips<br>- Role Play Cards | - Role Play मा सहभागिता<br>- Dialogue लेखन<br>- छलफलमा सहभागिता र प्रस्तुति | ३ |
| ख) स्थानीय भाषामा कुराकानी | होटल अथवा लजमा जाँदा स्थानीय बोलीचाली भाषामा कुराकानी गर्न | - जिता छुं दिं नय च्वनेता थाय् मगु द ।<br>- गोन्हु च्वङ देगु?<br>- जि ङान्हुतक जक च्वनेगु ।<br>- कोठा धःसा बाथरूम नपां दःसा बाँलाई ।<br>- कोठा छिकपिसं धयो दिय्गु थें हे ख ।<br>- अथे जुसा छक स्वय् क ।<br>- जिउ, झासँ<br>- कोठाया भः गुलि थें?<br>- छन्हुया स्वसः तका जक खः<br>- भातिचा म्हो याय् जिइला?<br>- ठिक हे जु नेसः व ङेर्का बियो दिसँ ।<br>- क जिउ<br>- नय्गु व्यवस्था गथे थें? छु छु नयेगु दः?<br>- नेवः नसा जा, कँ, तरकारी, अचार<br>- भपियो दिय्गु जुसा ला नं द<br>- छछाः नयागुया ध्येबा गुलि?<br>- छछाःया चयर्का जक<br>- क्वागु ना दला कि मरू?<br>- दः माक्को द ।<br>- बहनिसिया नय्गु गुलि इलय तयार जुई ?<br>- खुताः इलय हे जुई । | • स्थानीय होटल वा लज व्यवसायीसँग स्थानीय बोलीचालीमा गरेका कुराकानीसहितको Video clips हरू देखाई आवश्यकताअनुसार बीच बीचमा रोकेर भाषा बुझे नबुझेको सोधी, नबुझेको ठाँउमा बुझाई स्पष्ट पार्ने । कठिन शब्द वा वाक्यहरूको अर्थसहित बोर्डमा लेखी सार्न लगाउने ।<br>• कुनै होटल वा लजमा केही दिन बिताएका विद्यार्थीहरू छन् कि भनी सोध्ने । नभएमा विद्यालयबाट शैक्षिक भ्रमण जाँदा होटल/लजमा बसेको सम्झने । त्यहाँ शिक्षकले वा विद्यार्थीले होटल/लज सञ्चालकसँग बस्ने, खाने, सुत्ने र अन्य के के व्यवस्था छ भन्ने बारे गरेको कुराकानी सम्झी त्यसलाई ख्वपको स्थानीय भाषामा ख्वपकै स्थानीय होटल लजमा भए कसरी कुराकानी गरिन्थ्यो होला, समूहमा छलफल गरी लेख्न लगाउने ।<br>• समूह समूहलाई पालै पालो होटल सञ्चालक, रिसेप्सनिस्ट, ग्राहक आदि बनाई Role Play गराउने<br>• अप्ठेरो महसूस गरेको ठाउँमा शिक्षक वा बुझेको विद्यार्थीबाट सहजकर्ताको भूमिका निभाउने, सम्बन्धित पोष्टर, चित्रात्मक कुराकानी, Dialogue Chart बोर्डमा टाँसी, हेर्न/पढ्न लगाउने ।<br>• कुनै नजिकको स्थानीयले सञ्चालन गरेको होटल /लजमा लगी होटल/लज सञ्चालकसँग ग्राहक बनी स्थानीय बोलीचालीमा कुराकानी गर्ने व्यवस्था मिलाउने र समूहहरूलाई पालै पालो कुराकानी गर्न लगाउने । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • अरू वास्तविक ग्राहकहरूले गरेको स्थानीय बोलीचालीका कुराकानीको रेकर्ड गरी कक्षामा छलफल गर्ने विद्यार्थी आफैले गरेको कुराकानी र वास्तविक ग्राहकले गरेको कुराकानी बीच के कस्तो, फरक भयो, अप्ठेरो कहाँ निर भयो त्यस बारे रेकर्ड सुनाइ कक्षामा छलफल गर्ने र आवश्यक ठाउँमा सुधार गरी पुनः पालै पालो समूह समूहलाई कक्षा कोठामा होटल/लज सञ्चालक र ग्राहक बनाई Role play गराउने शिक्षकले आवश्यक ठाउँमा सहजीकरण गर्ने ।<br>• यस्तै नमुना कुराकानीहरू विद्यार्थीहरूलाई स्थानीय बोलीचाली भाषामा लेख्न लगाउने । | | | |
| ग) प्रचलित लिपि र रञ्जना लिपि | प्रचलित लिपि र रञ्जना लिपिको<br>- महत्त्व<br>- प्रयोग र<br>- फैलावटबारे सामान्य जानकारी हासिल गर्न | परिचय :<br>नेपाल भाषा भाषीहरूले प्रयोग गर्दै आएका तीन लिपिहरू<br>• नेपाल लिपि अथवा प्रचलित लिपि<br>• रञ्जना लिपि र<br>• भूजिंमो<br><br>रञ्जना लिपिको महत्त्व<br>• नेपालको आफ्नै मौलिकता भएको लिपि<br>• नेपालको पुरातात्त्विक, ऐतिहासिक र साँस्कृतिक कला, सम्पदा सम्बन्धी अन्वेषण तथा अनुसन्धान कार्यको लागि औजारको रूपमा रहेको साझा राष्ट्रिय लिपि | • हाल विद्यार्थीहरूले पढ्दै आएको पाठ्यपुस्तकका अक्षरहरू कुन लिपिको हो भनी सोध्ने ।<br>• देवनागरीबाहेक नेपालमा प्रयोग हुने लिपि कहीं देखे वा पढेको बारे सोध्ने ।<br>• प्रचलित लिपि, रञ्जना लिपि र भूजिंमो लिपिबारे देखे सुनेको वा पढेको छ/छैन सोधी बोर्डमा टिप्दै जाने ।<br>• तीन ओटै लिपिको चार्ट देखाउँदै प्रष्ट्याउने ।<br>• नेपाल संयुक्त राष्ट्र सङ्घमा सदस्यताको निम्ति दर्ता गर्दा नेपालको लिपि भनेर कुन लिपिलाई किन प्रस्तुत गरिएको थियो? भनी सोध्ने, प्रष्ट्याउने ।<br>• 'रञ्जना' को शाब्दिक अर्थ सोध्दै प्रष्ट्याउने ।<br>• रञ्जना लिपि, प्राचीन लिपि भएको हुनाले यसको के के महत्त्व छ भनी छलफल गराउन समूहहरू गठन गर्ने । | - अवलोकन छलफलमा सहभागिता<br>- अध्ययन भ्रमणमा देखेका लिपिहरूको प्रस्तुति,<br>- रञ्जना लिपि अङ्कित विभिन्न प्रत्रपत्रिका, शिलालेख, अभिलेख आदिबाट बुझेको विषयमा केही अनुच्छेदहरू लेख्न लगाउने | | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • विषयवस्तुमा छलफल केन्द्रित गराउन निम्न बुँदाहरू भएको शब्द पत्तीहरू र अन्य सम्बन्धित सामग्रीहरू समूहहरूलाई बाँड्नेः<br>• रञ्जना लिपिको पुरातात्त्विक महत्त्व, ऐतिहासिक महत्त्व, कला सांस्कृतिक सम्पदाको महत्त्व<br>• देवालय, चैत्य विहार, मठ-मन्दिरमा टाँसेका रञ्जना लिपिका शिलालेख, अभिलेख, ताम्रपत्र कनकपत्र, भोजपत्र, ताडपत्र आदिका तस्बिरहरू<br>• थ्या साँफु, कपडा वस्त्र, टोपी र अन्य वस्तुहरूमा छापेका रञ्जनालिपिका फोटोहरू<br>• बौद्ध मार्गीहरूले घुमाउने हाते माने र ठूला ठूला घुमाउने मानेहरूका फोटोहरू जसमा रञ्जना लिपि कुँदेका हुन्छन् ।<br>• रञ्जना लिपिमा अङ्कित मन्त्र ग्रन्थ र कुताक्षरका फोटोहरू<br>• पौभामा अङ्कित उक्त लिपिका फोटोहरू | - रञ्जना लिपिमा लेखिएका पत्र पत्रिकाका पृष्ठहरू, शिलालेख, ताम्रपत्र, भोज, पत्र, ताडपत्र, कनक पत्र आदिका तस्बिरहरू<br>- रञ्जना, प्रचलित र भूँजिमो लिपिका चार्टहरू<br>- Video clips | | |
| | | <u>रञ्जना लिपिको प्रयोग</u><br>• बौद्ध हस्तलिखित साहित्य, सूत्र मन्त्र, धर्म ग्रन्थमा<br>• धार्मिक ऐतिहासिक सामान तथा वस्तुहरूमा<br>• गुम्बा चैत्य, विहार मठ-मन्दिर, देवालय र स्तम्भहरूमा<br>• ढुङ्गा, कागज, कपडा- वस्त्र, काठ धातुका पाताहरूमा | • रञ्जना लिपि अङ्कित शिलापत्र स्तम्भ, ताम्रपत्र, कनकपत्र, ताडपत्र, भोजपत्र भएका स्थानहरूको (गुम्बा, चैत्य, देवी-देवालयको मूर्तिहरू, मठ-मन्दिर, ढुङ्गेधारा, चट्टान अभिलेख, गुफा आदि) अवलोकन भ्रमण गराउने । त्यहाँ रहेको रञ्जना लिपि र अन्य लिपिहरूबारे जानकारी गराउने । तिनीहरूले के बताउन खोजेका हुन अर्थ्याउने प्रयास गर्ने । एउटा निश्चित खाका तयार पारेर परियोजना कार्य सम्पन्न गराउने ।<br>• बौद्धमार्गी र सम्बन्धितहरूसँग भएका धर्म दर्शनका ग्रन्थहरू, मन्त्र, सूत्रहरू घुमाउने ठूलो र साना मानेहरूमा प्रयोग भएका लिपिहरूबारे भ्रमणकै सिलसिलामा सम्भव भएसम्म देखाउने । | | • विशेष गरी रञ्जना लिपिको प्रयोग कहाँकहाँ गरिन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • सालिक स्तम्भ मूर्ति गुफामा<br>• पुस्तक, थ्या साँफु, पत्रपत्रिका, पेशा व्यवसाय व्यापारिक साइनबोर्डहरूमा<br>• भोजपत्र, ताडपत्र, पौभा चित्र, लेटर पाय्डमा<br><br>रञ्जना लिपिको फैलावट :<br>- नेपाल र नेपालबाहिर | • जेष्ठ नागरिकहरूलाई बोलाएर वा सम्बन्धित ठाउँमै भेटेर ती लिपिहरूबारे छलफल गर्ने र लिपिले बताउन खोजेका कुराहरू अर्थ्याउने क्रियाकलाप गर्ने ।<br>• नेवारहरूको चाड पर्व रीतिथितिमा रञ्जना लिपि कहाँ कसरी प्रयोग भएको छ छलफल गराउने ।<br>• राष्ट्रिय अभिलेखालय, चित्र सङ्ग्रहालयको शैक्षिक भ्रमण गराई, थ्या साँफु, सरसामान, वस्तु, वस्त्र (कपडा) मा अङ्कित रञ्जना लिपि कहाँ कसरी प्रयोग भएको छ जानकारी गराउने ।<br>• अनुसन्धान अन्वेषण, अध्ययनमा तिनको महत्त्व के होला, छलफल गराउने ।<br>• भक्तपुर नगरपलिकामा कुन कुन सङ्घ संस्थाका साइन बोर्ड, विज्ञापन लेटरपाय्ड हेड रञ्जना लिपिमा अङ्कित छन् सो को सोध खोज गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br><br>• यो रञ्जना लिपि नेपाललगायत दक्षिण पूर्वी एशियाका कुन कुन देशहरूमा कहाँ कसरी प्रयोग भएको छ? यसले नेपालको पहिचान कसरी गराएको छ? Video Clips, Picture, Poster देखाई प्रष्ट्याउने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ७. स्थानीय कला र सम्पदा क) स्थानीय मन्दिरहरू | स्थानीय मन्दिरहरू : छुमा गणेश, बालाखु गणेश, वाकुपति नारायण, थथु बहि र कुथु बहिको परिचय दिई तिनका धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | छुमा गणेश, बालाखु गणेश, वाकुपति नारायण, थथु बहि र कुथु बहि | • सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई छुमा गणेश, बालाखु गणेश, वाकुपति नारायण, थथु बहि र कुथु बहिको बारेमा के थाहा छ ? बताउन लगाउने ।<br>• छुमा गणेश, बालाखु गणेश, वाकुपति नारायण, थथु बहि र कुथु बहिका बारेमा घरपरिवारमा के थाहा छ ? सोधेर टिपोट गरी ल्याउन भन्ने ।<br>• ती मन्दिरहरू एवं बहिमा रहेका शिलालेखहरू लेखिएका तथ्यहरू टिपोट गर्न लगाउने वा त्यस मन्दिर एवं बहि सम्बन्धी ज्ञातासँग त्यसको ऐतिहासिक धार्मिक एवम् सामाजिक महत्त्वबारे जानकारी दिने ।<br>• ती मन्दिरहरू एवं बहिमा अवलोकन भ्रमण गराई छलफल गर्ने ।<br>• ती सम्पदाहरू कुन धर्मसँग सम्बन्धित छन् तिनीहरूको अवस्थाबारे प्रतिवेदन पेश गर्न लगाउने ।<br>• मन्दिर तथा बहिको परिचय तथा फोटो टाँसी फोटो एल्बम बनाउन दिने | मन्दिर एवं बहिको चित्र, शिलालेखको फोटो, मन्दिर भित्रको देवताको फोटो<br><br>किंवदन्तीहरूबारे लेखिएका टिपोटहरू | छलफलमा स्पष्ट प्रस्तुति,<br><br>प्रश्नउत्तर<br><br>प्रतिवेदन प्रस्तुति | ३ |
| ख) स्थानीय पोखरीहरू (पुखु) | रानी पुखु, भाजु पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न । | रानी पुखु र भाजु पुखु | • विद्यार्थीहरूलाई रानी पुखु, भाजु पुखुबारे के थाहा छ ? भनी प्रश्न गर्ने ।<br>• रानी पुखु, भाजु पुखुको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूबारे वर्णन गर्न ।<br>• ती पोखरीहरूको निर्माण तथा किंवदन्तीबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | पोखरीका चित्रहरू<br>रानी पुखु र भाजु पुखुको लेख | छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • ती पोखरीहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने र पोखरी सुधार, संरक्षण तथा संवर्द्धनबारे छलफल गर्ने ।<br>• रानी पुखु, भाजु पुखु अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | | | |
| ग)<br>नगरमा रहेका ध्वाकाहरू (द्वारहरू) | • ख्वपमा रहेका ध्वाकाहरूको परिचय तथा ऐतिहासिक पक्षबारे बताउन । | ख्वप नगर प्रवेश गर्ने ध्वाकाहरूः<br>१) भार्वाचो ध्वाका<br>२) मङ्गलतीर्थ ध्वाका<br>३) ब्यासी ध्वाका<br>४) च्याम्हासिंह ध्वाका<br>५) महेश्वरी ध्वाका<br>६) चनिगल ध्वाका<br>७) सुगल ध्वाका<br>८) माकचो ध्वाका<br>९) इन्द्रायणी ध्वाका<br>१०) खौमा ध्वाका<br>११) लास्कु ध्वाका<br>१२) लुँ ध्वाका<br>१३) महाकाली ध्वाका<br>१४) मूलाँ ध्वाका | • ख्वप नगरमा रहेका ऐतिहासिक ध्वाकाहरूबारे क–कसलाई केके थाहा छ? भनी कक्षामा सोध्ने ।<br>• ख्वप नगरमा रहेका ध्वाकाहरू रहेको स्थान तथा त्यसको ऐतिहासिक महत्त्वबारे छलफल गर्ने ।<br>• ख्वप नगरमा रहेका ध्वाकाहरू अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>• ती ध्वाकाहरूको हालको स्थिति कस्तो छ वर्णन गर्न लगाउने | ख्वप नगरमा रहेका ध्वाकाहरूको चित्र | छलफलमा सहभागिता र प्रस्तुति | २ |
| घ) स्थानीय चित्रकला | • चोथा (गणेश चतुर्थी)को चित्र कोर्न<br>• किजापूजा (भाइटीका)को चित्र कोर्न | चोथा गणेश तथा किजापूजाको चित्र | • सांस्कृतिक/ धार्मिक चित्रहरू कहाँ–कहाँ कुन बेला आफूले देखेको हो समूह बनाई छलफल गर्न लगाउने ।<br>• चोथा गणेश तथा किजापूजाको चित्र देखाई यसको धार्मिक तथा सांस्कृतिक महत्त्वबारे छलफल गर्ने ।<br>• सम्भव भए ती चित्रहरू बनाउँदै गरेको ठाउँमा अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | चोथा गणेश तथा किजापूजाको चित्रको वास्तविक चित्रहरू | छलफल र अवलोकन | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ) स्थानीय मूर्तिकला | • राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भएका मूर्तिहरूको अवस्था बताउन<br>• तिनीहरूको ऐतिहासिक महत्त्व प्रष्ट पार्न | • राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भएका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरू | • ती चित्रहरू समूह–समूह बनाई कोर्न लगाउने ।<br>• विद्यार्थीहरूले बनाएका चित्रहरू प्रदर्शन पाटीमा टाँसी प्रोत्साहन गर्ने ।<br>• राष्ट्रिय कला सङ्ग्रहालय, काष्ठ कला, धातु कलामा भ्रमण गरी त्यहाँ भएका ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्तिहरू अवलोकन गर्न लगाउने र ती मूर्तिको परिचय तथा महत्त्व बताउने ।<br>• ती मूर्तिका कला पक्ष (केको मूर्ति, मूर्तिमा रहेका बुट्टाहरू र अहिलेको अवस्था) बारे अवलोकन गरी कक्षामा प्रस्तुत गर्न लगाउने र त्यसमा रहेका भावभङ्गीहरू बुझ्न शिक्षक विद्यार्थीहरू बीच छलफल गर्ने ।<br>• ती क्षेत्रभित्र रहेका ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्तिहरू देखाई ती मूर्तिहरू केबाट बनेका, कुन देवताका तथा कहाँ अवस्थित छ्न ?<br>• जस्ता कुराहरू समावेश गरी छोटो परिचय दिन लगाउने ।<br>• तिनीहरू किन निर्माण गरिए भन्नेबारे चर्चा गर्न लगाउने ।<br>• ढुङ्गाका मूर्ति,धातुका मूर्ति र काठका मूर्ति बनाउने स्थानहरूमा भ्रमण गरी मूर्ति बनाउने प्रक्रियाबारे सोधपुछ गर्न लगाउने । | • ढुङ्गा,काठ र धातुका मूर्तिहरू भएको ब्रसर, फोटो र Visual file | छलफल र अवलोकनमा सहभागिता प्रतिवेदन प्रस्तुत | ३ |
| च) स्थानीय गीत सङ्गीत | ख्वपमा विभिन्न अवसरमा गाइने परम्परागत गीत गाउन ती गीतहरूको भाव बताउन | होलीमा गाइने गीत<br>"अबिरया होली तँचायाला ल्यासे<br>अबिरं छंगु ख्वा हिसि दय्का बि"<br>सिनाज्यामा गाइने गीत | • तपाईँहरूलाई हाम्रो नेवारी समुदायमा विभिन्न अवसरमा गाइने गीतहरूमध्ये कुन कुन आउँछ ? भनी सोध्ने र आउने गीतहरू गाउन प्रोत्साहन गर्ने<br>• घरमा आफूभन्दा अग्रजसँग नेवारी परम्परागत गीत गाउन सिक्न प्रोत्साहन गर्ने । | | | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | "असारया सिनाज्या,<br>भुलुभुलु ससिवाः<br>सिरिसिरि फसंदाया, मन चङ्गाः"<br>बिस्का जात्रामा गाइने गीत<br>थ्वथें ज्यागुरसं गबलय सं दई मखुः राम हाः जी गन वने.....।<br>गन वने गन च्वनेः सुयाऊ भरे च्वने दैवः ।<br>दैव या भरे च्वनेः जीःत तरे मजु रे दैवः ॥<br>राम हा जी गनवने.....<br>सीतलामाजुको गीत<br>शीतलामाजु स्वहने परजाया गथिन हवाल न्यना मदु खना मदु कचिमचा तय मदु ।<br>महाराज हुकुम जुल ॥ | • नेवारी परम्परागत गीतहरूमध्ये होलीमा गाइने गीत, सिनाज्यामा गाइने गीत, बिस्का जात्रामा गाइने गीत र शीतलामाजुको गीत शिक्षकले गाएर सुनाउने वा भिडियो/अडियो रेकर्ड सुनाउने<br>• ती गीतहरू पालैपालो एवम् समूहमा गाउने अभ्यास गराउने<br>• ती गीतहरूको भावहरू शिक्षकले बताउने | • भिडियो रेकर्ड, अडियो रेकर्ड<br>• अबिरया होली तँचायाला ल्यासे<br>अबिरं छंगु ख्वा हिसि दय्का बि<br>असारया सिनाज्या,<br>भुलुभुलु ससिवाः<br>सिरिसिरि फसंदाया, मन चंगाः<br>• थ्वथें ज्यागुरसं गबलय सं दई मखुः राम हाः जी गन वने.....।<br>गन वने गन च्वनेः सुयाऊ भरे च्वने दैवः ।<br>दैव या भरे च्वनेः जीःत तरे मजु रे दैवः ॥<br>राम हा जी गनवने.....<br>शीतलामाजु स्वहने परजाया गथिन हवाल न्यना मदु खना मदु कचिमचा तय मदु ।<br>महाराज हुकुम जुल ॥ | सिनाज्या गीतको भाव बिस्तार गर्नुहोस्<br><br>शीतलामाजुको गीत कक्षामा गाएर सुनाउनुहोस् | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) स्थानीय नाचहरू | • फाकंदली र गाइंचा प्याखं (नाच)को परिचय दिन ।<br>• फाकंदली र गाइंचा प्याखं गाउन तथा नाच्न । | • फाकंदली र गाइंचा प्याखंको परिचय<br>• फाकंदली र गाइंचा प्याखंका गीतहरू | • फाकंदली र गाइंचा प्याखंको परिचय दिई यी प्याखं क-कसले हेर्नुभएको छ ? यी कस्ता नाच हुन् ? कहिले देखाइन्छ ? यस नाचमा के-कस्तो व्यङ्ग्य एवं सन्देश पाइन्छ ? जस्ता प्रश्न सोधी छलफल गर्ने<br>• फाकंदली प्याखं नेवारी समुदायमा सापारूपछि कृष्णाष्टमीसम्म विशेष गरी ख्वपमा राजनैतिक, सामाजिक कुरीति विरूद्ध व्यङ्ग्य स्वरूप बाजा बजाई एकै तालमा गाइने र नाच्ने नाच हो भनी बताउने<br>• गाइंचा प्याखंमा बाजा बजाउँदैन तर परम्परागत लय र तालमा गाइने र नाच्ने नाच हो । यसमा पनि राजनैतिक, सामाजिक तथा शिक्षामूलक गीतबाट समाजमा सकारात्मक परिवर्तनको लागि सहयोग गर्ने अपेक्षा राखिन्छ ।<br>• फाकंदली र गाइचाको गीत शिक्षकले गाएर नाच्न पनि सिकाउने । शिक्षकलाई नआएमा भिडियो क्लिप्स् वा जान्नेसँग सिकी कक्षामा सिकाउने | • भिडियो क्लिप्स, गाइचा तथा फाकंदलीको गीत भएको पुस्तिका | • गाइंचा प्याखं भनेको के हो ? यो कहिले गाइन्छ ?<br>• कुनै एउटा फाकंदलीको गीत गाउनुहोस्<br>• गाइंचा प्याखं नाच नाचेर देखाउनुहोस् | २ |
| ख्याल (प्रहसन) | • ख्यालको परिचय दिन<br>• ख्यालमा अभिनय गर्न | ख्यालको परिचय | • ख्यालबारे कक्षामा विभिन्न प्रश्न गरी छलफल गर्ने<br>• नृत्य, गीतभन्दा ख्याल किन सशक्त विधाको रूपमा लिइन्छ ? छलफल गर्ने<br>• ख्याल पनि एक नाटक जस्तै हो तर यसमा हास्य एवं विभिन्न राजनैतिक, सामाजिक कुरीति विरूद्ध व्यङ्ग्य हुने कुरा बताउने<br>• ख्यालको एउटा स्क्रिप्ट तयार गरी कक्षामा भएका सबै विद्यार्थीहरूलाई भूमिका दिई ख्यालमा अभिनय गर्न प्रोत्साहन गर्ने | • भिडियो क्लिप्स<br>• ख्यालको स्क्रिप्ट | • ख्याल भनेको के हो ? | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. स्थानीय व्यवसाय सीप र प्रविधि क) पेशा | • ख्वप नगरभित्रका व्यक्तिले अप्नाइरहेका तेल पेल्ने पेशाको बारेमा छोटो परिचय दिन<br>• परम्परागत चिउरा कुट्ने पेशाको बारेमा छोटो परिचय दिन<br>• ती पेशाहरूको फाइदा तथा यसको आधुनिकता बारे बताउन । | तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशा | • स्थानीय रूपमा उत्पादन हुने तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको परिचय दिने ।<br>• तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको महत्त्वबारे छलफल गर्ने<br>• तेल पेल्ने पेशा र परम्परागत चिउरा कुट्ने पेशाको आधुनिकता बारेमा शिक्षकले विस्तृत व्याख्या गर्ने । | visual file | • छलफल,अवलोकनमा सहभागिता,प्रतिवेदन र प्रश्नोत्तर | ४ |
| ख) खेर गएका सामग्रीबाट उपयोगी सामग्री निर्माण ९द्यभकत ँचक ध्बकतभ० | • प्लास्टिकको झोला, प्लाष्टिकको बोटल, कागजलगायत विभिन्न खेर गएका वस्तुबाट विभिन्न उपयोगी सामग्रीहरू निर्माण गर्न | प्लाष्टिकको झोला, बोटल, कागज, बाकस, बिर्को, चकलेट तथा चाउचाउका खोल,छ्वाली, चुराका टुक्राहरू , | • खेर गएका वस्तुबाट के के निर्माण गरेको भनी विद्यार्थीहरूसँग सोध्ने ?<br>• खेर जाने वस्तुबाट विभिन्न उपयोगी सामग्री निर्माण गर्ने कलाको बारेमा विभिन्न भिडियो क्लिप्स देखाउँदै सिकाउने ।<br>• विद्यार्थीहरूले बनाएका सामग्रीहरू सबैले देख्ने ठाउँमा राखेर अरू विद्यार्थीहरूलाई पनि बनाउन प्रोत्साहन गर्ने । | भिडियो क्लिप्स | अवलोकन | ४ |
| ग) कों | • कों बनाउन तथा प्रयोग गर्न । | • कों बनाउने सामग्रीहरू जस्तै : पिना,गेडागुडीको पीठो आदि । | • कों भनेको के हो? भनी प्रश्न गर्ने ।<br>• कों क-कसको घरमा छ ? कोलं कसरी बनाइन्छ ? कोंल विशेष गरी कहिले लगाइन्छ ? भनी प्रश्न गर्ने ।<br>• कों बनाउने तरिकाबारे कक्षामा छलफल गर्ने ।<br>• कों बनाउने सामग्रीहरू कक्षा विद्यार्थीहरूलाई देखाई विद्यार्थीहरूलाई बनाउन लगाउने<br>• कों बनाइसकेपछि प्रयोग गर्ने तरिका सिकाइ प्रयोग गर्न सिकाउने । | पिना, गेडागुडीको पीठो | अवलोकन | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) लोप हुन लागेका स्थानीय वेशभूषाहरू | • हाकुपटासी र नंसुरूवको परिचय, महत्त्व तथा निर्माण प्रक्रिया बताउन । | • परम्परागत हाकुपरासी र नंसुरूव | • लोप हुन लागेको स्थानीय वेशभूषाहरूको सूची तयार गर्न लगाउने ।<br>• परम्परागत हाकुपटासी र नंसुरूवको परिचय, यसको महत्त्व, प्रयोग, मौलिकता आदिबारे कक्षामा छलफल गर्ने ।<br>• परम्परागत हाकुपटासी र नंसुरूव निर्माण गर्ने ठाउँमा अथवा परम्परागत हाकुपटासी र नंसुरूव निर्माण गर्ने सूचीकारलाई कक्षामा बोलाई यसको निर्माण प्रक्रिया बताउन लगाउने र निर्माण प्रक्रियाको प्रतिवेदन तयार गर्न लगाउने ।<br>• विद्यार्थीलाई परम्परागत हाकुपटासी र नंसुरूवको निर्माण गर्न लगाई उनीहरूले बनाएको सामग्री सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने ।<br>• सम्भव भए उत्कृष्ट नमूनालाई पुरस्कृत गर्ने । | • परम्परागत हाकुपटासी र नंसुरूवको वास्तविक पोशाक | • सामग्रीको अवलोकन, प्रस्तुति | २ |
| ङ) परालका सामग्रीहरू | • परालबाट विभिन्न सामग्रीहरू बनाउन जस्तैः भ्वय् सुकु, सुकु, गोसुकु, लु, लकां, ताहासांको सिङ, खिप आदि | भ्वय् सुकु,, सुकु, गोसुकु, लु, लकां, ताहासांको सिङ, खिप | • परालबाट बनेको सामग्रीहरू तपाईँहरूको घरमा के के छन् ? भनी कक्षामा सबैलाई प्रश्न गर्ने ।<br>• विद्यार्थीहरूले भनेका सामग्रीहरूको नाम कालोपाटी/सेतोपाटीमा टिप्ने<br>• भ्वय् सुकु, सुकु, गोसुकु, लु, लकां, ताहासांको सिङ, खिप आदि बनाउने प्रक्रियाबारे कक्षामा छलफल गर्ने ।<br>• घरमा तथा छिमेकमा कसैलाई भ्वय् सुकु, सुकु, गोसुकु, लु, लकां, ताहासांको सिङ, खिप बनाउन आउँछ भने सिकेर आउन प्रेरित गर्ने । | भ्वय् सुकु, सुकु, गोसुकु, लु, लकां, ताहासांको सिङ, खिप | • अवलोकन<br>• बनाएका सामग्रीहरूको आधारमा मूल्याङ्कन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • भ्वय् सुकु, सुकु, चाकल सुकु, लकां, लु, ताहासांको सिङ, खिप बनाउने स्थानमा लगेर वा ती सामग्री बनाउन आउने व्यक्तिलाई कक्षामा बोलाएर सामग्री निर्माण गर्ने प्रक्रिया बताउने ।<br>• प्रत्येक विद्यार्थीलाई भ्वय् सुकु, सुकु, गोसुकु, लकां, लु, ताहासांको सिङ, खिप आदि बनाउन लगाई उनीहरूले बनाएका सामग्रीहरू प्रदर्शन गर्ने । | | | |
| च) बुनाइ | कुरूशको सहायताले रूमालमा बुट्टा भर्न | कुरूशबाट बनाइएको रूमाल, | • विद्यार्थीहरूसँग तपाईँहरू घरमा के के लुगा लगाउनुहुन्छ ? भनी प्रश्न गर्ने ।<br>• कुरूशबाट रूमाल बुन्ने तरिका सिकाउने<br>• विद्यार्थीहरूले बुनेको रूमालहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | कुरूश, ऊन, धागो , भिडियो क्लिप्स् आदि | अवलोकन | ३ |
| च) माटोबाट बन्ने सामग्री | • माटोबाट घर, पेन्सिल होल्डर जस्ता सामग्री बनाउन<br>• सेरामिक्सका सामान बनाउने तरिका बताउन | • माटोबाट बन्ने सामानहरू जस्तै : घर, पेन्सिल होल्डर, गाडी आदि<br>• सेरामिक्सका सामान बनाउने तरिका | • माटोबाट विभिन्न सामग्रीहरूको निर्माण प्रक्रियाको बारे छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई माटो उपलब्ध गराई माटोबाट घर, पेन्सिल होल्डर, गाडी आदि बनाउन प्रेरित गर्ने ।<br>• माटोको सामग्री बनाउने स्थानमा भ्रमण गराई यसको निर्माण प्रक्रियाबारे प्रस्तुत गर्न लगाउने ।<br>• सेरामिक्सका सामान बनाउने प्रक्रिया शिक्षकले बताई विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने वा सेरामिक्स निर्माण प्रक्रिया उल्लेख भएको भिडियो क्लिप्स देखाउने वा सेरामिक्स सम्बन्धी जानकार व्यक्तिलाई कक्षामा बोलाई यसको निर्माणमा प्रक्रिया बताउन लगाउने<br>• विद्यार्थीले बनाएका सामग्रीहरूमा रङ्ग भरी प्रदर्शन गर्ने । | • माटाका घर, पेन्सिल होल्ड र गाडी र visual footage हरू | प्रस्तुतीकरण तथा निर्माण गरेको सामग्रीको आधारमा मूल्याङ्कन गर्ने | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छ) नेवारी खाद्य परिकार | गुन्द्रुकको अचार बनाउन फिङा अचारहरू बनाउन जस्तैः सारां,लैं, कागती, तुसी, मी । | गुन्द्रुक, फिङा अचारहरू जस्तै : सारां, लै अचार, कागती अचार, तुसी अचार, मी अचार, आँ अचार | • तपाईँहरूमध्ये क-कसको घरमा फिङा अचार बनाएको छ ? के के वस्तुको फिङा अचार बनाउन सकिन्छ ? गुन्द्रुकको अचार खानुभएको छ ? जस्ता विभिन्न प्रश्न गरेर कक्षामा छलफल गर्ने ।<br>• सबै विद्यार्थीहरूको सहभागितामा विद्यालयमा नै फिङा अचार र गुन्द्रुक बनाउन लगाउने ।<br>• विद्यार्थीले बनाएको फिङा अचार र गुन्द्रुक आदि अवलोकन गर्ने, नमिलेको ठाउँमा शिक्षकले बनाउन सहयोग गर्ने । | • गुन्द्रुक तथा फिङा अचार बनाउने सामग्रीहरू जस्तै : साग, मुला, कागती, काँको, मेथी आदि | अवलोकन | ३ |
| | थ्वं र ह्यों थ्वं निर्माण प्रक्रिया बताउन यसको फाइदा तथा प्रयोगहरू बताउन | थ्वं र ह्यों थ्वं निर्माण प्रक्रिया | • कक्षामा विद्यार्थीहरूलाई थ्वं र ह्यों थ्वं नेवारी परम्परागत भोजमा खुवाउने मादक पदार्थ भए पनि यसको राम्रो पक्ष र नराम्रो पक्षको बारे छलफल गर्ने ।<br>• थ्वं र ह्यों थ्वं निर्माण गर्न आवश्यक सामग्रीहरू जस्तै : हाकु जाकी, मनापु, हाकु जाकीको चिउरा, माटोको फोसी आदिको बारे बताउने ।<br>• थ्वं र ह्यों थ्वं निर्माण गर्ने प्रक्रिया बताउने | थ्वं र ह्यों थ्वं बनाउन चाहिने सामग्रीहरू तथा भिडियो क्लिप्स् । | थ्वं र ह्यों थ्वं कसरी बनाइन्छ ? | २ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | • परम्परागत स्थानीय कीटनाशक औषधीको रूपमा प्रयोग हुने जडीबुटीको नाम बताउन<br>• परम्परागत भोजका स्वास्थ्यकर विधिहरू बताउन<br>• सुत्केरी स्याहार विधि उल्लेख गर्न | • परम्परागत स्थानीय कीटनाशक औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू जस्तै, खरानी, गोबर पानी, नीम पानी आदि<br>• परम्परागत भोजमा प्रयोग हुने परिकार र तिनीहरूको क्रमबद्धता तथा स्वास्थ्यकर विधि<br>• सुत्केरी समयमा प्रयोग गरिने स्याहार विधिहरू जस्तै इसिचा चौटी घौटी, चाकुवासः, तेल घस्ने, सुत्केरीको आहारहरू | • हाल खेतका बालीहरूमा कीराबाट जोगाउन किसानले प्रयोग गरिने कीटनाशक औषधीहरूबारेमा सर्वप्रथम कक्षामा छलफल गर्ने ।<br>• छलफल सँगसँगै हालको अवस्था जस्तो आधुनिक कीटनाशक औषधीहरू नभएको बेलामा किसानहरूले आफ्नो बाली जोगाउनको लागि कस्ता उपायहरू प्रयोग गर्थे भनी विद्यार्थीहरूसँग जानकारी भएमा लिने, विद्यार्थीबाट प्राप्त नभएमा शिक्षकले जानकारी दिने ।<br>• शिक्षकलाई पनि जानकारी नभएमा सोधखोज गरी विभिन्न परम्परागत कीटनाशक विधिहरू उल्लेख गर्ने जस्तै, (खरानी, गोबर, नीम आदि) र यसले कस्ता कस्ता कीराहरूबाट जोगाउँछ भनी स्पष्ट गरिदिने ।<br>• विद्यार्थीहरूलाई भोजको आयोजनाको कारण बारेमा स्पष्ट पारी हाल प्रचलनमा रहेको भोजका प्रकारहरूबारेमा उनीहरूसँग सोधेर छलफल गर्ने ।<br>• परम्परागत लप्ते भ्वय् (सुकुल भोज) र बफे पार्टी भोज बीचमा तुलना गर्न लगाई कुन भोज किन राम्रो र शरीरको लागि स्वस्थ्यवर्द्धक छ भन्ने बारेमा तर्क वितर्क गराउने ।<br>• शरीरको लागि कुन भोज राम्रो हुन्छ भनी निष्कर्षसहित व्याख्या गरिदिने ।<br>• परम्परागत सुकुल भोजमा परिकारहरूको क्रमबद्धता र ती परिकारहरूले शरीरलाई दिने पोषकतत्त्वबारे उल्लेख गर्ने । | परम्परागत स्थानीय कीटनाशक औषधीहरू, खरानी, नीम, गोबर<br><br>परम्परागत सुकुल भोज र बफे पार्टी भोजको भिडियो क्लिप परम्परागत भोजमा प्रयोग हुने सामग्री<br><br>सुत्केरी समयमा प्रयोग गरिने विभिन्न स्याहार सामग्रीहरू | परम्परागत कीटनाशक औषधीको रूपमा प्रयोग हुने कुनै चार ओटा जडीबुटीहरूको नाम बताउनुहोस् ।<br><br>परम्परागत भोजले स्वास्थ्यलाई गर्ने फाइदाहरू उल्लेख गर्नुहोस् ।<br><br>सुत्केरी समयमा शिशु र आमालाई तेल घस्नाले के के फाइदा हुन्छ ? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • सम्भव भएमा कुनै एक दिन कक्षाका सम्पूर्ण विद्यार्थीहरूका लागि परम्परागत सुकुल भोजको आयोजना गर्ने ।<br>• सुत्केरीबारेमा स्पष्ट बनाई यस बेलामा अरू समयमा भन्दा बढी हेरचाह तथा स्याहार सुसार चाहिनुको कारण विद्यार्थीहरूलाई बताउने ।<br>• यस समयमा शिशु र आामालाई विशेष प्रकारका स्याहार विधिहरू जस्तै, प्रशस्तै घाममा राख्ने, तेल घस्ने, शिशुलाई खान दिने चौटी घौटी, आमालाई खुवाउने विशेष प्रकारले बनाएको चाकु, आदि बारेमा कक्षामा छलफल गर्ने ।<br>• सुत्केरी समयमा आमाको आहारबिहारबारे छलफल गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई घरमा आ–आफ्नो अभिभावकहरूसँग यस बारेमा सोधेर आउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | | | |
| १०. स्थानीय खेल | • धुँ च्वलेचा कासा (बाघ चाल) खेल खेल्ने विधि बताउन<br>• देग कासा (गेम बल) खेल खेल्न । | • धुँ च्वलेचा कासा (बाघ चाल)<br>• देग कासा (गेम बल) | • सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>• धुँ च्वलेचा (बाघ चाल) को लागि आवश्यक बोर्ड तयार गरी नियमअनुसार खेलाउने ।<br>• चउरमा लगी विद्यार्थीहरूलाई समूहमा छुट्ट्याई देग कासा (गेम बल ) खेलाउने ।<br>• खेल खेलाउनु अघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>• खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>• विद्यार्थीहरूले क-कसले राम्रो खेले नखेलेको रेकर्ड राख्ने ।<br>• घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | • धुँ च्वलेचा (बाघ चाल) को लागि आवश्यक बोर्ड र दुई प्रकारका गोटीहरू (चार ओटा बाघ र २३ ओटा च्योलेचाहरू)<br>• गेम बलको लागि बल र ईंटाका टुक्राहरू | खेल खेलाएर अवलोकन गर्ने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. स्थानीय पर्यटन | • पर्यटकसँग सम्बन्धित उद्योगहरूबारे बताउन<br>• पर्यटकीय शुल्क र यसको प्रयोगबारे व्याख्या गर्न<br>• सम्पदा संरक्षण र संवर्धन बारेमा वर्णन गर्न | • पर्यटकसँग सम्बन्धित उद्योगहरू जस्तै, होम स्टे, होटल, रेष्टुराँ, उपहारको पसल, हस्तकला, गाईड, आदि<br>• भ.न.पा. बाट पर्यटकसँग उठाइएको पर्यटकीय शुल्क र यसको प्रयोग<br>• सम्पदा संरक्षण र संवर्धनका आधारहरू | • विद्यार्थीहरूसँग पर्यटकसँग सम्बन्धित विभिन्न उद्योगहरूबारे सोधी उनीहरूबाट आएका नामहरू सेतोपाटीमा टिप्दै जाने र नपुग भएमा शिक्षकले थपिदिने र त्यसबारेमा छलफल गर्ने ।<br>• त्यस्ता उद्योगहरू कहाँ छन् छलफल गर्ने र सम्भव भए त्यस्ता उद्योगमा भ्रमण गर्न लगाउने ।<br>• विद्यार्थीहरू कही घुम्न जाँदा शुल्क तिरेको छ छैन सोधी त्यस प्रकारको शुल्क किन लिने गरेको र त्यसको प्रयोग कहाँ गरिन्छ आदि बारेमा छलफल गरी शिक्षकले स्पष्ट गरिदिने ।<br>• त्यसै गरी भक्तपुर नगरपालिकाले पनि प्रत्येक विदेशी पर्यटकसँग फरक दरमा शुल्क उठाउने गरेको बारेमा बताउने।<br>• सकिन्छ भने एक वर्षको जम्मा पर्यटकहरूसँग उठाएको शुल्कको तथ्याङ्क प्रस्तुति गर्ने ।<br>• यसरी उठाएको शुल्क नगर पालिकाले कहाँ कहाँ कसरी प्रयोग गरिएको छ खोजेर जानकारी गराउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो क्षेत्रको सम्पदाहरूको बारेमा सोधी त्यसको अवस्थाबारे छलफल गर्न लगाउने ।<br>• सम्पदाहरू जीर्ण भएमा त्यसको जीर्णोद्धार गर्ने निकायहरूबारेमा जानकारी गराउने र पर्यटकहरूसँग लिइएको शुल्क यस्ता सम्पदा जीर्णोद्धारमा पनि प्रयोग गरिने बताउने ।<br>• यस्ता सम्पदाको संवर्धन गर्नु पर्नाका कारणहरू छलफल गरी शिक्षकले निष्कर्ष निकाली दिने । | पर्यटकसँग सम्बन्धित उद्योगहरूका फोटोहरू<br>स्थानीय रूपमा उत्पादन भएको हस्तकलाका सामानहरू<br>पर्यटकीय शुल्क र यसको प्रयोगको न पा को तथ्याङ्क चार्टहरू<br>भिडियो क्लिप्स | पर्यटकसँग सम्बन्धित कुनै पाँच ओटा उद्योगहरू बताउनुहोस् ।<br>पर्यटकीय शुल्कलाई कसरी प्रयोग गर्न सकिन्छ?<br>सम्पदा संरक्षण र संवर्धनको आवश्यकता बारेमा वर्णन गर्नुहोस् । | ५ |

कक्षा ८

स्थानीय पाठ्यक्रम (ख्वपको पहिचान)

विशिष्टीकरण तालिका (Specification Grid)

सैद्धान्तिक परीक्षा

समय : १ घण्टा २० मिनेट पूर्णाङ्क : ५०

| एकाइ | विषय क्षेत्र | ज्ञान (K) | बोध (U) | सीप (S) | उच्च दक्षता (HA) | जम्मा अङ्क (Total) | Remark |
|---|---|---|---|---|---|---|---|
| १ | ख्वपको नाम र भौगोलिक अवस्था | १ X १ | | १ X ४ | | ५ | |
| २ | ख्वपको इतिहास | १ X १ | | | १ X ५ | ६ | |
| ३ | स्थानीय जात, व्यक्तित्व र जनसङ्ख्या | १ X १ | | १ X ४ | | ५ | |
| ४ | स्थानीय विविध संस्कृति | | १ X १ | | १ X ५ | ६ | |
| ५ | प्रचलित स्थानीय संस्कारहरू | १ X १ | | १ X ४ | | ५ | |
| ६ | बोलिचाली र लिपि | १ X १ | १ X १ | | | २ | |
| ७ | कला र सम्पदाहरू | | | १ X ४ | | ४ | |
| ८ | व्यवसाय, सीप र प्रविधि | १ X १ | | | १ X ५ | ६ | |
| ९ | स्वास्थ्य प्रवर्द्धनमा विधि | | | १ X ४ | | ४ | |
| १० | खेल | | १ X १ | | | १ | |
| ११ | पर्यटन | | १ X १ | | १ X ५ | ६ | |
| | जम्मा | ६ | ४ | ५ | ४ | १९ | |
| | जम्मा अङ्क | ६ | ४ | २० | २० | ५० | |

- एकसेट बहुवैकल्पिक प्रश्न हुनुपर्दछ ।
- विद्यालयको त्रैमासिक परीक्षामा चार प्रकारका बहुवैकल्पिक प्रश्नहरूमध्ये एक प्रकारको Objectives प्रश्न प्रयोग गर्न सकिनेछ ।

प्रयोगात्मक परीक्षा सम्बन्धमा

१. एक शैक्षिक सत्रभित्र कक्षा ८ को स्थानीय पाठ्यक्रमका क्षेत्रहरू ३, ४, ५, ६, ७, ८, १० र ११ मा उल्लिखित मध्ये सात क्षेत्रबाट परियोजना लेखन (Project work) गराउनुपर्नेछ । परियोजना कार्य गराउँदा अभिभावक वा टोलका गन्यमान्य पाका जेष्ठ नागरिकहरूसँग सोधी लेख्नको लागि अभिप्रेरित गर्नुपर्दछ ।
२. यस कक्षामा स्थानीय पाठ्यक्रम शिक्षण गराउने शिक्षकले विद्यार्थीहरूलाई परियोजना कार्य गराउँदा आवश्यक सहयोग गर्नुको साथै बुझाइएका प्रत्येक परियोजनालाई पूर्णाङ्क ४ अङ्कको आधारमा मूल्याङ्कन गरी वर्षको अन्तमा मौखिक परीक्षा (viva) मा प्रस्तुत गराउनको लागि उक्त परियोजना प्रतिवेदनलाई सुरक्षित राख्न लगाउनु पर्दछ ।
३. मौखिक परीक्षा (viva) सञ्चालन गर्न आफ्नो विद्यालय र नजिकको विद्यालयबाट कक्षा-८ मा स्थानीय पाठ्यक्रम शिक्षण गर्ने एक/एक शिक्षक र प्र. अ. समेत गरी तीन जनाको मूल्याङ्कन समिति बनाई मौखिक परीक्षा सञ्चालन गर्नुपर्दछ । मौखिक परीक्षाको लागि प्रत्येक विद्यार्थीले बुझाएका सात क्षेत्रहरूको परियोजनाबाट प्रश्न सोधी ५० पूर्णाङ्कको मूल्याङ्कन गर्नुपर्दछ ।
४. मौखिक परीक्षामा अध्यापन गरिएका क्षेत्रहरूबाट प्रयोगात्मक परीक्षा लिई मूल्याङ्कन गर्नुपर्दछ ।
५. प्रयोगात्मक कार्य गराउँदा प्रत्येक विद्यार्थीलाई छुट्टाछुट्टै परियोजना कार्य गराउनुपर्दछ ।
६. प्रयोगात्मकको अङ्क विभाजन

क. परियोजना प्रतिवेदन ७ x ४ = २८

ख. मौखिक

i) प्र. अ. - ६

ii) विषय शिक्षक - १०

iii) बाह्य शिक्षक - ६

जम्मा - ५०


Bhaktapur Municipality
N
भक्तपुर
नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0 237.5 475 950 1,425 1,900
Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development